वर्ष : १७, अंक : १४, काठमाडौं, २०७८ साउन १ गते शुक्रबार, 16 July 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## सर्वोच्च अदालतको फैसलापछि मधेशको राजनीति

### यादव पक्ष सरकारमा जाने, ठाकुर पक्ष विपक्षमै रहने

**मधेशवाणी डेस्क**

काठमाडौं । केपी शर्मा ओलीले गरेको प्रतिनिधिसभा विघटन बदर र शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने सर्वोच्च अदालतको फैसलापछि मधेशको राजनीति विभाजित भएको छ । उक्त आदेशपछि जनता समाजवादी पार्टीको दुई खेमा स्पष्ट श्रपमा विभाजित छ । पार्टीको उपेन्द्र यादव पक्ष उत्साहित छ भने महन्थ ठाकुर पक्ष अन्योल छ ।

सर्वोच्च अदालतले प्रतिनिधि सभा विघटन गर्ने तात्कालीन प्रधानमन्त्री केपी ओलीले गरेको निर्णय बदर गरेपछि पार्टी अध्यक्ष यादवले सर्वोच्चको फैसलालाई स्वागत गरे पनि अर्को अध्यक्ष महन्थ ठाकुरले अहिलेसम्म कुनै प्रतिक्रिया दिएका छैनन् ।

यादवले भने,'पार्टीभित्र ठाकुर पक्षले लिएको बाटो गलत रहेको सिद्ध भएको छ । उहाँहरूले गलत कार्यलाई सहयोग गरेको सिद्ध भयो, बाटो बिराउनुभएको हो, त्यसलाई सच्याएर सही बाटोमा आउनुभयो भने पार्टीले उहाँहरूलाई समेटेर अगाडि जाने विषयमा विचार गर्न सक्छ ।' उनले भने, 'संसद्भित्र अंकगणितको खेलमा देउवाले सहजै विश्वासको मत पाउनुहुन्छ/ । त्यसमा कुनै चिन्ता छैन ।'

प्रतिनिधिसभामा जसपाका ३२ सांसद छन् । तीमध्ये १२ जनाले यादवको पक्षमा लागेर देउवालाई समर्थन गरेका थिए । बाँकी २० जना ठाकुर पक्षमा छन् । प्रतिनिधिसभा विघटनपछि ठाकुर पक्ष ओली सरकारमै सामेल भएको थियो तर सर्वोच्चको आदेशबाट १३ दिनमै मन्त्री पद गुमाएका थिए । ओली सरकारबाट





मुद्दाहरूको सम्बोधन प्रक्रियाले पूर्णता नपाएको, नागरिकता अध्यादेश सर्वोच्चबाट खारेज गरिएको, सर्वोच्चकै आदेशका कारण ठाकुर पक्ष सरकारबाट बाहिरिनुपरेको र अहिले आएर ओली नै पदमुक्त हुने अवस्था बनेपछि राजनीतिक रूपमा ठाकुर पक्षको रणनीति असफल भएको छ ।

ओली सरकारमा सहभागी हुने भएपछि ठाकुरले यादव पक्षका पाँच सांसदलाई आफ्नोतर्फ पारेका थिए । अब देउवा सरकारमा यादव पक्ष सामेल हुने निश्चित छ । त्यो अवस्थामा धेरै सांसद यादव पक्षमा लाग्ने सम्भावना उत्तिकै छ ।

पार्टीको कार्यकारिणी समितिमा बहुमत गुमाएको ठाकुर पक्ष संसदीय दलमा पनि कमजोर बन्न सक्ने सम्भावना बनेको छ । यसअघि २० जना सांसदमध्ये ११ जनालाई मन्त्री बनाउँदा पनि बाँकी सांसदबीचमा असन्तुष्टि देखिइसकेको थियो । मन्त्री बनेकाहरू पनि १३ दिनमै बाहिरिनुपर्दा अपमानबोध गरेका थिए । उनीहरूमध्ये कतिपय आफ्नो पक्षमा आउन सक्ने आकलन यादव पक्षको छ ।

ओलीलाई हेर्ने दृष्टिकोणकै कारण जसपा विभाजित अवस्थामा छ । पुस ५ मा ओलीले पहिलोपटक संसद् विघटन गर्दा जसपाले एक ढिक्का भएरै त्यसको विरोध गरेको थिया तर फागुन ११ मा सर्वोच्चले विघटन बदर गरेपछि र फागुन २३ मा नेकपालाई एमाले र माओवादी केन्द्रकै पूर्ववत् अवस्थामा फर्काएपछि जसपाभित्रको दृष्टिकोणमा भिन्नता आउन थाल्यो । ठाकुर र राजेन्द्र महतोको निकटता ओलीसँग बढ्दै गयो भने यादव र बाबुराम भट्टराई पक्ष ओलीलाई हटाउने अभियानमा कांग्रेस, माओवादी केन्द्रसहितको गठबन्धनमा गोलबद्ध भए । जेठ ८ मा राष्ट्रपति विद्यादेवी भण्डारीले देउवा र ओली दुवैको सरकार बनाउने दाबीलाई अस्वीकार गर्दै प्रतिनिधिसभा विघटन र नयाँ निर्वाचनको घोषणा गरेपछि ठाकुर पक्ष उत्साहित बनेको थियो । अहिले सर्वोच्चले उक्त निर्णय खारेज गरिदिएपछि यादव पक्ष उत्साहित छ भने ठाकुर पक्ष अन्योल बनेको छ ।

ठाकुर पक्षले सर्वोच्चको फैसलालाई अप्रत्याशित मानेको छ तर औपचारिक धारणा बाहिर ल्याएको छैन । अदालतले नै सिधै शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्ति गर्नु संविधानवादको विपरित रहेको ठाकुर पक्षीय नेताहरुको धारणा छ । ठाकुर पक्षका एक नेताका अनुसार आफूहरू अहिलेसम्म पुरानै पोजिसन र राजनीतिक निर्णयमा रहेको तथा अर्को पक्ष पनि पुरानै अडानमा रहँदै विजय उत्सव मनाइरहेकाले पार्टी एकताको सम्भावना क्षीण रहेको छ ।

**यादव पक्ष के गर्ने ?**

यादव पक्ष लगभग सरकारमा जाने निश्चित छ । तर उसले निर्वाचन आयोगमा विचाराधीन पार्टी विवादसम्बन्धी मुद्दा र अन्य कानुनी प्रक्रियाको अवस्था पर्खिरहेको छ ।

सरकारमा सहभागिताको विषयलाई लिएर यादव पक्षले कार्यकारिणी समितिको बैठक गरेपनि सरकारमा सामेल हुन हतार नगर्ने निर्णय गरेको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## जसपा पूर्ववत् फर्काउने रिटमा सर्वोच्चले साउन ६ गते छलफल गर्ने



काठमाडौं । राजपा र समाजवादी पार्टी पूर्ववत् अवस्थामा फर्काउन माग गर्दै दायर रिटमा सर्वोच्चले साउन ६ गते दुवै पक्षसँग अन्तरिम आदेश दिने नदिनेबारे छलफल गर्ने भएको छ ।

राष्ट्रिय जनता पार्टीका तत्कालीन उपाध्यक्ष राजकुमार थापाले सर्वोच्चमा रिट दिएका थिए । सोही रिटमा सर्वोच्च अदालतमा न्यायाधीश कुमार रेग्मीको इजलासले अन्तरिम आदेशको लागि छलफलमा बोलाएको हो । रिटमा अधिवक्ताहरु राजकुमार थापा, सुरेन्द्र विक्रम केसी, राजाराम घिमिरे र नवराज पाण्डेले बहस गरेका थिए ।

सर्वोच्चले निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो, आदेश जारी हुनु नपर्ने भए आधार कारणसहित आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीको हकमा आफैं वा कानुनबमोजिम प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नू भनेको छ । योसँगै निर्वाचन आयोगले १५ दिनभित्र राजपा र समाजवादी पार्टीबीचको एकीकरणबारे लिखित जवाफ बुझाउनुपर्ने भएको छ । साउन ६ गते हुने छलफलपछि सर्वोच्चले अन्तरिम आदेश दिने वा नदिने निर्णय गर्नेछ । रिटमा निर्वाचन आयोग र तत्कालिन राष्ट्रिय जनता पार्टी नेपाल र हालको जनता समाजवादी पार्टीलाई विपक्षी बनाइएको छ ।

एकीकरण प्रारम्भदेखिनै त्रुटिपूर्ण, कपटपूर्ण र मौजुदा संविधान ऐन र कानुन विपरित कएको भन्दै एकीकरण बदर गरी पहिलेकै राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टी नेपाल कायम गराइदिन रिटमा माग गरिएको छ ।

## वीरगञ्ज 'पूर्ण खोप सुनिश्चित महानगर' घोषणा




वीरगञ्ज । वीरगञ्ज महानगरपालिकालाई 'पूर्ण खोप सुनिश्चित' महानगर घोषणा गरिएको छ । वीरगञ्जमा जन्मेदेखि १५ महिनासम्मका बालबालिकालाई लगाइने १२ प्रकारका सबै खोप लगाइसकिएकोले पूर्ण खोप महानगर घोषणा गरिएको महानगर प्रमुख विजयकुमार सरावगीले जानकारी दिए । बिहीबार आयोजित कार्यक्रममा प्रदेश २ का खानेपानी तथा उर्जामन्त्री ओमप्रकाश शर्माले वीरगञ्जलाई पूर्ण खोप सुनिश्चित महानगर घोषणा गरेका हुन् ।

बालबालिकालाई जन्मनेबित्तिकै बीसीजी, ६ हप्तामा पोलियो, एचआईभी, पीसीजी, डीपीटी, हेपाटाइटिस बी, रोटा, १० हप्तामा पोलियो, पीसीभी, डीपीटी लगायत सबै खोप महानगरका स्वास्थ्य संस्थामा निःशुल्क उपलब्ध हुने वीरगञ्ज महानगरपालिकाले जनाएको छ । पूर्ण खोप घोषणा गर्नुअघि महानगरका ३२ वटै वडामा १६ देखि २३ महिनासम्म उमेर समूहका बालबालिकाबारे घरधुरी सर्वेक्षण गरिएको थियो । २९ हजार १९३ घरधुरीमा गरिएको सर्वेक्षणका क्रममा १६ देखि २३ महिनासम्म उमेर समूहका बालबालिका २ हजार ६६१ जना भेटिएका थिए । तीमध्ये जन्मिएदेखि १५ महिनाभित्रमा सबै १२ प्रकारका खोप लगाउने बालबालिकाको संख्या २ हजार ६६ जना देखिएको थियो । ५८७ जना बालबालिकाले १२ प्रकारकामध्ये आंशिक मात्र खोप लगाएका थिए भने ८ जनाले कुनै पनि खोप नै पाएका थिएनन् । छुटेका बालबालिकालाई १२ प्रकारका खोप लगाएर महानगरलाई पूर्ण खोप सुनिश्चित महानगर घोषणा गरिएको महानगरको स्वास्थ्य तथा सामाजिक महाशाखा प्रमुख अरुण महतोले जानकारी दिए ।

## प्रदेश २ सरकारमा माओवादी केन्द्र पनि सहभागी हुँदै

जनकपुरधाम । नेकपा माओवादी केन्द्र प्रदेश २ को सरकार सहभागी हुने भएको छ । जेठको अन्तिम साता नै सरकारमा सहभागी हुने तयारी भए पनि मन्त्रालय बाँडफाँडमा सहमति हुन नसक्दा माओवादी केन्द्र सरकारमा जान मानेको थिएन । तर अब तीन-चार दिनभित्रै सरकारमा जाने माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक दिलीप साहले जानकारी दिए ।

शुरुमा माओवादीले दुई मन्त्रालय र दुई राज्यमन्त्री दिनुपर्ने अडान राखेको थियो । तर अब एउटा मन्त्रालय र एक जना राज्यमन्त्री लिएर माओवादी सरकारमा जाने सचेतक साहले बताए ।





कांग्रेस र माओवादीसँग सत्ता सहकार्यका लागि सरकार तर्फबाट गठित वार्ता समितिका सदस्य भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साहले पनि माओवादी चाँडै सरकारमा आउन लागेको बताए ।

जनता समाजवादी पार्टी (जसपा)को सरकार रहेको प्रदेशमा जसपाभित्रको पूर्व समाजवादीले पूर्व राजपाका मन्त्रीलाई पदमुक्त गरी कांग्रेसलाई यसअघि नै सरकारमा ल्याइसकेको छ । कांग्रेसबाट भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादव, महिला बालबालिका, युवा तथा खेलकुद मन्त्री वीरेन्द्र सिंह र ऊर्जा तथा खानेपानी मन्त्री ओमप्रकाश शर्मा बनेका छन् ।

कांग्रेस र माओवादीलाई सरकारमा ल्याउनका लागि ६ मन्त्रालयबाट प्रदेशमा १० मन्त्रालय बनाइएको छ ।

## कानून मन्त्री कार्की र भारतीय राजदूत क्वात्राबीच भेट



काठमाडौं । कानून,न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की र नेपालका लागी भारतीय राजदूत विनय मोहन क्वात्राबीच शिष्टाचार भेटवार्ता भएको छ । भेटमा राजदूत क्वात्राले नवनियुक्त मन्त्रीलाई बधाई तथा शुभकामना व्यक्त गरे । क्वात्राले नेपाल र भारतबीचको सम्बन्ध ऐतिहासिक रहेको स्मरण गर्दै आगामी दिनमा समेत दुई देशबीच सहयोग, सहकार्य र सद्रुभावना थप गाढा हुने विश्वास व्यक्त गरे ।

मन्त्री कार्कीले नेपाल र भारतबीचको मित्रता ऐतिहासिक रहेको तथा दुई देशबीचको मित्रता सदैव सौहार्दपूर्ण रहने विश्वास व्यक्त गरे । साथै नेपालमा कोभिड-१९ को नियन्त्रणको लागि भारत सरकारले देखाएको चासो र सहयोगको लागी धन्यबाद व्यक्त गरे ।

## प्रदेश २ का मुख्यन्यायाधिवक्ता दीपेन्द्र झाको दृष्टिकोणमा सर्वोच्चको आदेश

काठमाडौं, २८ असार । प्रदेश नं. २ का मुख्यन्यायाधिवक्ता दीपेन्द्र झाले सर्वोच्च अदालतले संसद विघटनसम्बन्धी जारी गरेको परमादेशको स्वागत गरेका छन् । मुख्यमन्यायाधिवक्ताले सर्वोच्चको आदेशबारे पाँचबुँदे निष्कर्षसमेत सार्वजनिक गरेका छन् ।

सर्वोच्च अदालतले सोमबार गरेको आदेशको मुख्य न्यायाधिवक्ता झाको दृष्टिकोणमा निष्कर्षः

१. सम्मानित सर्वोच्च अदालतले संविधानको धारा ७६(५) को आशय र मुल्य मान्यता अनुसारको व्याख्या गरेको छ । धारा ७६(५) मा दलको व्हीप लाग्दैन, कुनै पनि दलका सांसदले स्वतन्त्र रुपमा संसद बचाउनका लागि अर्को दलको सांसदलाई समेत प्रधानमन्त्रीमा समर्थन गर्न सक्छ । अर्को दलको सांसदलाई प्रधानमन्त्रीमा समर्थन गरेवापत न त पार्टीको व्हीप लाग्छ, न त कारवाहीको भागी हुनुपर्ने हुन्छ ।

२. यो ऐतिहासिक फैसलाले सर्वोच्च अदालतको विश्वसनीयता र गरिमा जनताको माझमा बढाएको छ । संविधान विपरीतको कार्यलाई कुनैपनि अवस्थामा अदालतले मान्यता दिदैन भन्ने स्थापित भएको छ ।

३. सरकार गठनको प्रक्रिया जुन बिन्दुबाट बिग्रेको थियो, त्यहीँबाट सच्याउने आदेश भएको छ । त्यो भनेको प्रधानमन्त्री ओली ७६(५) को लागि योग्य थिएन भन्ने कुरा देउवालाई २८ घण्टाभित्र प्रधानमन्त्री बनाउन दिएको आदेशबाट स्थापित भएको छ ।

४. संसद विघटन सामान्यतः स्वीकार्य छैन । त्यो भनेको अपवाद अन्तिम विकल्प हो भन्ने मान्यता स्थापित भएको छ । धारा ७६(७) बमोजिम संसद विघटन गर्नको लागि धारा ७६(१) देखि ७६(५) सम्मका सबै प्रक्रिया असफल भएको अवस्थामा मात्र हुने हो । त्यसकारण सर्वोच्च अदालतले श्रावण ०३ गते आइतबार अपरान्ह ०५ बजे (अर्थात सात दिनभित्र) देखि संसद अधिवेशन आह्वान गर्ने आदेश गरेको छ ।

५. १४९ जना प्रतिनिधि सभा सदस्यले हस्ताक्षर गरी धारा ७६(५) बमोजिम शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन दिएको समर्थन दलको निर्णय अथवा पत्रको आधारमा रोकिदैन । विश्वनसनीय आधार भइसकेपछि राष्ट्रपतिले स्वतः प्रधानमन्त्री नियुक्त गर्नुपर्ने हुन्छ । संख्या पुग्यो कि पुगेन भन्ने परीक्षण गर्ने स्थल अन्यत्र नभइ संसद हो । यसकारण असार २९ गते मंगलबार अपरान्ह ०५ बजेभित्र दाबी पेश गरेका प्रतिनिधिसभा सदस्य (शेरबहादुर देउवा) लाई प्रधानमन्त्री नियुक्त गर्ने भन्ने आदेश भएको छ ।



**दीपेन्द्र झा**
**मुख्यन्यायाधिवक्ता, प्रदेश २**

## सम्पादकीय

# प्रतिनिधि सभाको दोस्रो पुनर्स्थापना र सरकारको चुनौती

सर्वोच्च अदालतको आदेशबाट विघटित प्रतिनिधिसभा दोस्रो पटक पुनः स्थापना भएको छ भने काँग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न आदेश दिएको छ ।

पुस ५ गते तात्कालीन प्रधानमन्त्री केपी ओलीले पहिलो पटक प्रतिनिधि सभा विघटजन गरेका थिए । त्यसपछि प्रतिनिधिसभामा सरकार गठनको सम्भावना नरहेको भन्दै तात्कालीन प्रधानमन्त्री ओलीले जेठ ८ गते प्रतिनिधि सभा पुनः विघटन गरे । यसअघि पहिलो पटक विघटन गरिँदा वैकल्पिक सरकार बन्न सक्ने अवस्था कायम रहँदा प्रतिनिधि सभा विघटन गर्न नमिल्ने स्पष्ट फैसला गरेको सर्वोच्च अदालतले दोस्रो पटक पनि त्यही नजिरसहित केही नयाँ व्याख्यासमेत गरेको छ। यो फैसलाले प्रतिनिधि सभा सदस्यलाई निर्दलीय अभ्यासमा धकेल्ने चिन्ता नेकपा ( एमाले) वृत्तबाट आएको छ ।

दुई-दुई पटकको प्रतिनिधि सभा विघटन र पुनर्स्थापना दल र व्यक्तिविशेषलाई प्रिय र अप्रिय जे भए पनि सरकार गठनमा एकपछि अर्को प्रावधानको अभ्यास नगरी एकाएक प्रतिनिधि सभा विघटन नहुने गरी आएको फैसलाले सार्वभौम जनताको सर्वोच्च निकाय प्रतिनिधि सभाको भूमिका प्रभावकारी हुने बाटो खोलेको छ ।

दलीय व्यवस्थामा दलभित्रको विवादले प्रतिनिधि सभा विघटन हुने गरेका तीता विगतको समीक्षा गर्दै संविधान लेख्ने बेलामा हरतरहले प्रतिनिधि

**वर्तमान प्रतिकूल अवस्थामा निर्वाचनमा जाने कि १६–१७ महिनापछि आवधिक निर्वाचनमा जाने भन्ने निर्णयमा देउवा सरकारभन्दा प्रतिपक्षी एमाले निर्णयक हुने निश्चित छ । अब दल तथा दलभित्रका नेताले एउटा नयाँ यात्रातिर मुलुकलाई लैजानुपर्छ ।**

सभा सुरक्षित गर्नुपर्नेमा देखिएको मतैक्यले संवैधानिक हैसियत प्राप्त गरेको छ । तत्कालका लागि फैसलालाई निश्चय नै जय र पराजयकै रूपमा कतिपयले बुझे पनि प्रतिनिधि सभा सुरक्षित हुनु भनेको अन्ततः लोकतन्त्रकै हितमा हुनेछ । अदालतको फैसलालाई लिएर विभिन्न टीकाटिप्पणी गर्न सकिन्छ तर प्रतिनिधि सभा सुरक्षित रहने र राजनीतिक स्थिरता कायम हुने अवस्था मननीय छ ।

सर्वोच्चको फैसलापछि काँग्रेस सभापति तथा संसदीय दलका नेता देउवा प्रधानमन्त्री नियुक्त भएका छन् । अल्पमतमा रहेको नेपाली काँग्रेसले यो कार्यकालको प्रतिनिधि सभामार्फत सरकारको नेतृत्व गर्ने कमै सम्भावना थियो तर प्रमुख प्रतिपक्षी नेतालाई सधैँ वेटिङ प्राइम मिनिष्टरका रूपमा हेरिने संसदीय अभ्यासमा हुने यस्ता घटनालाई स्वाभाविक मानिन्छ ।

सत्तासीन नेपाल कम्युनिस्ट पार्टी हुँदै नेकपा एमालेमा सिर्जित राजनीतिक विवाद र दुई-दुई पटक प्रतिनिधि सभाको विघटन, सर्वोच्च अदालतको फैसला तथा परमादेशको सेरोफेरोमा संविधानको धारा ७६ को उपधारा ५ बमोजिम काँग्रेस सभापति तथा संसदीय दलका नेता शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त हुने अवस्था आएको हो । निश्चय नै काँग्रेसलाई यस पटक सरकारको नेतृत्व गर्ने जनादेश थिएन । प्रतिपक्षमा बस्नू भन्ने जनभावनाअनुसार काँग्रेसले सरकारप्रति कुनै मोह नदेखाइ बसेको पनि थियो । कतिपय अवस्थामा ओली सरकारविरुद्ध नेपाली काँग्रेस खरो उत्रिएन भनेर पार्टीकै नेता, कार्यकर्ता, आम नागरिक तथा नागरिक समाजले आवाज उठाएका थिए । काँग्रेसले सरकारमा जान हतार नगर्नु जनादेशको सम्मान थियो ।

घाम जत्तिकै छर्लङ्ग छ, देउवा बहुमतको जनादेशले होइन, परमादेशले नै प्रधानमन्त्री भएका हुन् । आगामी दिनमा सरकार र प्रमुख प्रतिपक्षी एमालेबीच राम्रो सम्बन्ध रहनु पनि पर्छ। वर्तमान प्रतिकूल अवस्थामा निर्वाचनमा जाने कि १६-१७ महिनापछि आवधिक निर्वाचनमा जाने भन्ने निर्णयमा देउवा सरकारभन्दा प्रतिपक्षी एमाले निर्णयक हुने निश्चित छ । अब दल तथा दलभित्रका नेताले एउटा नयाँ यात्रातिर मुलुकलाई लैजानुपर्छ । विधिको शासन, प्रजातन्त्रको सुरक्षा, प्रतिनिधि सभाको गरिमा बचाउनु यो सरकारको राजनीतिक चुनौती हुनेछ । साथै, शिथिल अर्थतन्त्र, कोरोना, बाढीपहिरोबाट उत्पन्न समस्यालाई पनि वर्तमान सरकारले सम्बोधन गर्नुपर्नेछ । सुशासन, भौतिक विकासको निरन्तरता तथा हरेक क्षेत्रमा उर्लंदा नागरिक आवश्यकता पनि वर्तमान सरकारका चुनौती हुनेछन । यिनकै सम्बोधनमा सरकारको औचित्य पुष्टि हुनेछ ।

# ओलीको बहिर्गमन : त्रास कायम छ

**विचार - विश्लेषण** भाग-९९



उपेन्द्र झा

संयुक्त सरकार, बहुमत वा दुई तिहाइ मत पाएर पनि नेपाली राजनीतिमा कुशलतापूर्वक कार्यकाल पूरा गर्न असक्षम नेपाल कम्युनिष्ट पार्टी वा नेपाली कांग्रेसलाई विगतको घटनाहरुले साबित गरिसकेको छ । यस असक्षमताको प्रमुख कारण स्वार्थमा आधारित एजेण्डा हो । देश र जनताप्रति जिम्मेवार बन्न नसक्ने नैतिक पतनको कारण हो । निर्विकल्प शक्ति ठान्ने मदान्धता हो । ३२ वर्षको लोकतान्त्रिक अभ्यासमा सरकार कार्यकाल पूरा गर्न नसक्नुको कारण बुझ्न नसक्नु मानसिक दिवालियापन नभई अरु के हो ।

जनतालाई सार्वभौमशक्ति सम्पन्न भन्ने यी राजनेता भनाउँदाहरुले उनको जनादेशलाई यसरी अपमानित गर्नु कुन किसिमको व्यवहार हो ? जनताको जनादेशलाई स्वार्थपूर्तिका लागि प्रयोग गर्नु, लामो समयसम्म देश र जनताको वास्ता नगर्नु कुन स्तरको राजनीति हो । सत्ताबाहिर देश र जनता याद आउने तर सत्तामा पुगेपछि देश र जनतालाई नै बिर्सिने यो कुन खाले रोग हो र यसको पहिचान कसैले गर्न नसक्नु राजनीतिक अयोग्यता होइन ?

दुई तिहाई मत प्राप्त गरी शक्तिशाली सरकारको नेतृत्व गर्ने एमाले अध्यक्ष केपी शर्मा ओली आफ्नो कार्यकालको १९ महिना पूरा नगरी सर्वोच्च अदालतबाट हठात् प्रधानमन्त्री पदबाट अयोग्य साबित गरी हटाइएको छ । नयाँ प्रधानमन्त्री शेरबहादुरलाई सर्वोच्चले तोकेको छ । ४१ महिनाको प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यकाल आलोच्य रहे पनि नयाँ सरकार आउँदा जनतामा खासै उत्साह देखिएको छैन ।

उटपटाङ साहसी खेल देखाउन जोशिला प्रधानमन्त्रीको रुपमा चित्रण भएको पूर्वप्रधानमन्त्रीको दाँजोमा शेरबहादुर देउवा निरीह रहेकोले जनतामा खासै उत्साह भने देखिँदैन । राजनीतिक रङ्गमञ्चमा देखिएका अगुवाहरु कुनै न कुनै शक्तिकेन्द्रको अन्धभक्त रहिआएको प्रचलन अनुसार शेरबहादुर देउवाको सत्तारोहणसँगै अमेरिका बहुप्रतिक्षित एमसीसी पास गराउन आशावादी बनेको देखिन्छ । कोरोना भ्याक्सिन पनि तत्काल नेपाल पठाउने भएपछि अमेरिकाको खुशी त्यसै झल्किन्छ ।

सत्ता राजनीतिमा आएदेखि केपी शर्मा ओली भारतको "रअ" खेमाको विश्वास पात्र मानिँदै आएका छन् । वि.सं. २०७० सालसम्म भारतबाट लिँदै आएको आशातीत उपलब्धिले आफूमात्र होइन एमाले पार्टीलाई पनि राजनीतिमा शीर्षस्थान र निर्णायक भूमिकामा राख्न सफल भयो ।

वि.सं. २०७० सालपछि भारतमा सरकार परिवर्तनसँगै नरेन्द्र मोदीलाई नेपालको कुटनीतिक तथा आन्तरिक सम्बन्ध बुझ्न एक कार्यकाल लागेकाले तबसम्म सरकारको नेतृत्वमा आइपुगेका केपी शर्मा ओलीले भारतको बेवास्ता बुझी चीनसँग अन्तरंग सम्बन्ध गाँस्न सफल भयो । नेपाल-भारतको सम्बन्धमा दुवै पक्षबाट भएको "मिस अन्डरस्ट्यान्डिङ्ग" ले भारतभन्दा नेपाल बढी आक्रामक देखिएको थियो । भारतले आफूलाई हेपेको, अपमान गरेको, नाकाबन्दी गरी नेपाल हडप्न लागेको आदि कुरा गरी भारतलाई अपमानजनक शब्दावली प्रयोग गरी लड्ने जस्तो चेतावनी दिएर केपी शर्मा ओलीले चीनलाई खुशी पारेर भारतसँग सम्बन्ध बिगार्न अग्रसर भएको थियो । भारतलाई अझ बढी चिढाउन उनले कालापानी, लिपुलेक, लिम्पियाधुरा समावेश गरी नेपालको नयाँ नक्सा सदनबाट पास गराएर सार्वजनिक गऱ्यो । सदनमा भारतलाई "सत्यमेव कि सिंहमेव" भनेर ठाढै चुनौती दिएको थियो । आफ्नो भारतप्रतिको आक्रोश तैपनि कम नहुँदा रामको जन्मभूमि अयोध्यालाई वीरगन्जनजिक ठोरी भन्ने ठाउँमा ल्याई पुऱ्याए । यसैलाई राष्ट्रवादीहरुले ओली साहसिक राजनेता भनेर गुणगान गर्छन् ।

राष्ट्रवादी साहसिक नेताको रुपमा उदाएका केपी शर्मा ओली पछिल्लो समयमा भारतका "रअ" प्रमुख सामन्त कुमार गोयलको पुनश्चः दीक्षामन्त्र लिएर आत्म समर्पण गर्दा चीनसँगको अन्तरंग सम्बन्ध टुट्ला भन्ने डर पनि भएन । "युज एण्ड थ्रो" को सिद्धान्त आफूमा पनि लाग्न सक्नेको बोध भएन । अहिले कस्तो निरीह भई बालुवाटारबाट बालकोट जानु परेको हो । शक्तिशाली प्रधानमन्त्री केपी शर्मा ओली यति निरीहतापुर्ण सत्ता त्याग्छन् भन्ने कुरा कसैले चिताएका थिएनन् ।

भारतलाई ६ वर्षसम्म अपमानजनक व्यवहार र गाली गरेको प्रतिफल भोगेको विश्लेषण गर्नेहरु पनि प्रशस्त छन् । हिन्दू राष्ट्र नेपाल बनाउने, संवैधानिक राजतन्त्रको स्थापना गर्ने, संघीय गणतन्त्र बदल्ने आदि ओलीकालमा व्यापक चर्चा र प्रत्यक्ष जुलुस पनि भएका छन् । यी सबकुराको अभिभारा ओलीले नै पूरा गर्ने भन्ने टेलिभिजनका विश्लेषकहरुले ओलीको निरीह पराजय किन भयो भन्ने कारण पनि त भन्ला ?

शेरबहादुर देउवाको नेतृत्वमा पाँच खुट्टे सरकार बनाएर माधव नेपाल गठबन्धन छाडेको घोषणा गरेका छन् । शेरबहादुर देउवा अगाडि प्रशस्त चुनौतीहरु छन् र स्वनिर्णय गर्ने अधिकार छैन । दुई तिहाइको स्थिर सरकारलाई चल्न नदिने दुष्प्रवृत्ति शेरबहादुरनिर अझ पाँच गुणा बढी छन् । सोचको स्तर पनि फरक छन् । ओली जस्तो एकलै लड्ने आँट पनि शेरबहादुर देउवामा छैन । त्यसकारण यथास्थितिमा खासै उत्साहजनक परिवर्तन देखिँदैन ।

२३ वटा माधव नेपाल समूहका सांसदहरुको हस्ताक्षरमा पार्टीको ह्वीप नलाग्ने सर्वोच्चबाट मान्यता दिलाएर केपी शर्मा ओलीलाई अपदस्थ गराउने, माधव नेपाल एमालेमा फर्किएपछि शेरबहादुर देउवालाई विश्वासको मत लिन कठिन देखिएको छ । धारा ७६ को उपधारा ५ बमोजिम अब उपरान्त केपी शर्मा ओलीले वैकल्पिक सरकार बनाउन सर्वोच्चले अयोग्य घोषित गरेको छ । विश्वासको मत नपाएको अवस्थामा सदनमा ठूलो दलको रुपमा एमालेको भूमिका रहन्छ कि रहँदैन भन्ने कुराको निर्क्योल हुन बाँकी छ । नयाँ सरकार आए पनि रडाको सँगै आएकाले कुनै नवीनताको अनुभव हुँदैन ।

**२३ वटा माधव नेपाल समूहका सांसदहरुको हस्ताक्षरमा पार्टीको ह्वीप नलाग्ने सर्वोच्चबाट मान्यता दिलाएर केपी शर्मा ओलीलाई अपदस्थ गराउने, माधव नेपाल एमालेमा फर्किएपछि शेरबहादुर देउवालाई विश्वासको मत लिन कठिन देखिएको छ । धारा ७६ को उपधारा ५ बमोजिम अब उपरान्त केपी शर्मा ओलीले वैकल्पिक सरकार बनाउन सर्वोच्चले अयोग्य घोषित गरेको छ । विश्वासको मत नपाएको अवस्थामा सदनमा ठूलो दलको रुपमा एमालेको भूमिका रहन्छ कि रहँदैन भन्ने कुराको निर्क्योल हुन बाँकी छ ।**

सच्चरित्र, नैतिकवान, देशर जनताप्रति समर्पित राजनेताको अभावमा अग्रगमनको कुरा गर्नु बेकार हो । राजनीतिक स्तर नै नउठेको नेतृत्वकर्ताले आफ्नो पछाडिको पीढिलाई पनि चलिरहेको पद्धतिको अभ्यास गराएका छन् । दोस्रो पंक्ति पहिलाभन्दा फरक हुने आमजनताको मान्यता रहे पनि त्यो यति छिट्टो सम्भव पनि देखिँदैन ।

janukjha24@gmail.com

# नेपाल सद्भावना पार्टीद्वारा २२ बुँदे माग सार्वजनिक

काठमाडौं । नेपाल सद्भावना पार्टीले विभिन्न २२ बुँदे माग अघि सारेको छ ।

काठमाडौंमा पत्रकार सम्मेलन गर्दै उक्त पार्टीले यस्ता माग अघि सारेको हो । पत्रकार सम्मेलनमा अध्यक्ष रामकुमार महतोले हिन्दी भाषालाई नेपालको राष्ट्रिय सम्पर्क भाषाको रुपमा संविधानमा दर्ता गराउनु पर्ने माग गरे ।

अध्यक्ष महतोले नागरिकता प्रमाण-पत्रको समस्या दिन-प्रतिदिन जटिल अवस्थामा गइरहेको उल्लेख गर्दै भने, 'नागरिकताको समस्या रोजी-रोटीसँग जोडिएको छ ।' नागरिकताको समस्या समाधान र समान नागरिकको अधिकारको लागि भएको उनको भनाई थियो ।

राज्यको पुनर्संरचना गरेर काठमाडौंलाई केन्द्र बनाएर स्थानीय र सात प्रदेशलाई हटाएर पाँच प्रदेश मात्र बनाउनुपर्नेमा उनले जोड दिए । 'काठमाडौं उपत्यकाका आसपासका क्षेत्रलाई केन्द्र शासिक प्रदेश बनाउनु पर्ने र पूर्वी पहाड प्रदेश, पश्चिमी पहाड प्रदेश, पूर्वी मधेश प्रदेश र पश्चिम मधेश प्रदेशलाई स्वायत्त प्रदेश बनाउनुपर्छ,' उनले भने ।

उनले अप्रमाणित मुद्दामा षड्यन्त्रपूर्वक वर्षौंदेखि जेलमा राखिएका मधेशी नेता रेशम चौधरीलगायत अन्य कार्यकर्ताको झुठा मुद्दा खारेज गरेर सकुशल रिहाई गर्न सरकारसँग माग गरे । कार्यक्रममा अध्यक्ष महतोले संवैधानिक र राजनीतिक उच्च पदको लागि कार्यकालको निश्चित गर्नुपर्नेमा जोड दिए ।

उनले नेपाल सरकार र मधेशबीच भएको २२ र ८ बुंदे सम्झौताको पूर्ण व्यवहारिक कार्यान्वयन गर्नुपर्ने बताए । जर्बजस्ती जारी भएको संविधान नेपालको पुरै जनताको लागि हो भन्दै महतोले आफूहरुको संघर्ष संविधान संशोधनको लागि भएको बताए ।

# थापाद्वारा जसपा खारेजीको माग गर्दै सर्वोच्च अदालतमा रिट

काठमाडौं । पूर्वराजपाका नेता राजकुमार थापाले जनता समाजवादी पार्टी नेपाल खारेजीको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका छन् ।

थापाले आइतबार जसपा खारेज गर्न माग गर्दै सर्वोच्चमा रिट दायर गरेका हुन् ।

रिटमा निर्वाचन आयोग र तत्कालीन राष्ट्रिय जनता पार्टी नेपाल र हालको जनता समाजवादी पार्टीलाई विपक्षी बनाइएको छ ।

एकीकरण प्रारम्भदेखि नै त्रुटिपूर्ण, कपटपूर्ण र मौजुदा संविधान ऐन र कानुन विपरित भएको भन्दै एकीकरण बदर गरी पहिलेकै राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टी नेपाल कायम गराइदिन रिटमा माग गरिएको छ ।

गैर संवैधानिक र ऐन, नियम विपरित दल एकीकरण गर्ने निर्णय खारेज हुनु पर्ने माग गरिएको छ ।

संवैधानिक एवं कानूनी व्यवस्थाको विपरित कुनै पनि दल राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाउने भन्दै त्यसो गरेमा कारबाहीको भागिदार हुने व्यवस्था रहेकाले सोही व्यवस्था अनुसार बदर गर्न रिटमा माग गरिएको छ ।

संविधानको धारा २६९ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को प्रावधान अपुरो राखी निर्वाचन आयोगले दर्ता गरिदिएको भन्दै एकीकरण पहिलेको राष्ट्रिय जनता पार्टी नेपालको केन्द्रीय समितिको निर्णय र आपसी सम्झौता पत्र सहित राजनीतिक दल एकीकरण गर्नु पर्नेमा सो नगरिएको, दल दर्ताको निवेदन त्रुटिपूर्ण रहेको, निर्वाचन आयोगले निष्पक्ष सुनुवाइ नगरी एकीकरणको प्रमाण पत्र दिएको रिटमा उल्लेख छ ।

रिटमा यो मुद्दा टुंगो नलागेसम्म जसपाको राजनीतिक क्रियाकलाप, सदस्य हेरफेर, कार्यविभाजन, कारवाही आदिलाई यथास्थितिमा राख्न अन्तरिम आदेश पनि माग गरिएको छ ।

# यदि देउवाले विश्वासको मत प्राप्त गर्न सकेन भने फेरि वैकल्पिक सरकारको बाटो खुल्छ



## सुरेन्द्र महतो
**वरिष्ठ अधिवक्ता, सर्वोच्च अदालत**

**० संसद विघटनसम्बन्धी सर्वोच्च अदालतको परमादेशलाई कसरी हेर्नुभएको छ ?**

– यो विषय भनेको सार्वजनिक सरोकारलगायत आमजनताको चासोको विषय हो । राष्ट्रिय चासो मात्रै होइन, अन्तर्राष्ट्रिय चासोको विषय पनि हो किनभने यो महत्वपूर्ण विवाद थियो र महत्वपूर्ण फैसला भएको छ । यो फैसलामा विभिन्न किसिमका टीकाटिप्पणीहरु भइरहेका छन् । कसैले असाध्यै राम्रो भनेर स्वागत पनि गरेका छन् भने कसैले न्यायिक सक्रियताको उच्चतम् अथवा चरम प्रयोग भयो भन्ने खालका कुराहरु पनि भइरहेका छन् । नेपालको इतिहासमा न्यायिक सक्रियताको यसबाहेक अर्को उदाहरण पाइँदैन । सम्भवतः संसारभरिमै पनि यस किसिमको न्यायिक सक्रियता दुर्लभ देख्न र सुन्न पाइन्छ । यसअर्थमा यसलाई न्यायिक सक्रियताको फैसला भन्न मिल्छ । अदालतले राष्ट्रपति उपर नै परमादेशकै आदेश जारी गरेर व्यक्तिलाई किटान गरी समयसीमासहित प्रधानमन्त्री किटान गर्नुस् भनेर परमादेश जारी गर्‍यो । यसले प्रतिनिधिसभा पुनर्स्थापना पनि गर्‍यो र पुनर्स्थापित प्रतिनिधिसभाको बैठकको मिति पनि तोक्यो । अलिकति पनि ठाउँ पायो भने प्रधानमन्त्री र राष्ट्रपतिले चलखेल गर्लान् कि भनेर एउटा पनि छिद्र बाँकी नराखी फैसला तुरुन्त कार्यान्वयन होस् भन्ने आशयले फैसला आयो । राष्ट्राध्यक्षउपर नै परमादेश आदेश भएको सम्भवतः पहिलो घटना हो यो । यसअर्थमा यो विषय अलिकति बढी चर्चामा आउनु स्वाभाविकै हो ।

**० अदालतले राष्ट्राध्यक्षउपर नै परमादेश आदेश गर्ने संविधानमा छ ?**

– राष्ट्रपति संविधानअनुसारको सर्वोच्च संस्था हो । यसअर्थमा कानूनभन्दा बाहिरको पद त होइन । संविधानले पनि राष्ट्रपतिलाई के काम गर्न हुने र के गर्न नहुने काम, कर्तव्य र अधिकार पनि तोकिदिएको छ । राष्ट्रपतिले प्रधानमन्त्री नियुक्ति गर्ने अधिकारको प्रयोग गरिरहँदा प्रधानमन्त्री वा अन्य कुनैपनि निकायको सिफारिस वा सल्लाह-सुझावको आवश्यकता छैन । तर नियुक्त गर्दा संविधानको धारा ७६ ले केही कुराहरु प्रष्ट पारिदिएको छ । संविधानको धारा ७६ (५) अनुसार प्रधानमन्त्रीका लागि दुईटा दाबी पर्दा राष्ट्रपतिजी अलमलमा पर्नुभयो । यसमा दलीय हिसाबले हेर्ने हो भने एक दलका प्रतिनिधि अर्को दलमा छ अनि अनि एउटा दलको केही यता, केही उता छन् भन्ने किसिमका अन्योलता देखेपछि राष्ट्रपतिले यही अवस्थामा कसैले पनि विश्वासको मत प्राप्त गर्ने जस्तो लागेन । त्यसकारणले उहाँले कसैलाई पनि नियुक्त गर्नुभएन । अदालतले यसमा व्याख्या गरिदियो । अदालतले भन्यो कि ७६ (५) मा के कुन दल भनेर राष्ट्रपतिले हेर्ने होइन । जुनसुकै दलका होस्, प्रतिनिधिसभा सदस्यको संख्या यदि पुग्दछ भने त्यसलाई नियुक्ति गर्नुपर्छ । यसमा राष्ट्रपतिले विवेक प्रयोग गर्ने ठाउँ छैन भन्ने आशयको कुरा अदालतले भन्यो । शेरबहादुर देउवाले एक-एक व्यक्तिको हस्ताक्षर पेश गर्नुभएको थियो भने केपी ओलीले दलगतरुपमा समर्थन रहेको पेश गर्नुभएको थियो । अदालतले भन्यो कि यो ७६ (५) को व्यवस्था भनेको दलीय व्यवस्था होइन । त्यसकारण देउवाको अंकगणित पर्याप्त छ, त्यसकारणले उहाँलाई नियुक्त गर्नुपर्ने हो । यसैगरी ओलीजीलाई अयोग्य भनेर पनि भन्यो, जुन संविधानमा प्रष्ट भाषामा बोलेको छैन ।

यो फैसलाले आधारभूत संरचना ७६ (४) को दलीय शासनको अपवाद हो भन्ने कुरा स्थापित गर्‍यो । यसअर्थमा यो फैसलामा धेरै वादविवाद हुनु स्वाभाविक हो । यतिसम्म यसले भन्यो कि दलीय ह्वीप पनि लाग्दैन । यो पनि विशेष किसिमको व्याख्या अदालतले गर्‍यो । संविधान र कानूनले यो कुरा कहीं पनि बोलेको छैन । राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा २८ ले विश्वास र अविश्वासको मतमा दलको मुख्य सचेतकले ह्वीप जारी गर्न सक्ने व्यवस्था गरेको छ र ह्वीप उल्लंघन गरियो भने उसलाई कारबाही गर्ने व्यवस्था गरेको छ । तर यो फैसलाले एक त ह्वीप नै जारी गर्न पाइँदैन र कुनै पनि कारबाही नगर्नु भनेर फैसलाले भन्यो । भनेपछि यो फैसलाले एक किसिमले संविधानमा नरहेका कुराहरुलाई व्याख्या गर्दै एक हदसम्म परिमार्जनको काम पनि गरेको छ ।

**० भनेपछि सर्वोच्चको यो परमादेशले संविधान पनि संशोधन गर्‍यो ?**

– कसै-कसैले संशोधनको भाषा प्रयोग गर्न सक्ला । यसले केही हदसम्म खासगरी ७६ (५) को केही फरक व्याख्या स्थापित गरेको छ । संविधान निर्माताहरुले धेरै विषयमा प्रतिबन्धात्मक वाक्यांशहरु राखेर अपवादका व्यवस्थाहरु यथेष्ट मात्रामा गरेका छन् । यो विषयमा अपवादको व्यवस्था गरेको थिएन । अदालतले ७६ (५) लाई अपवादको रुपमा स्थापित गरेपछि एक दृष्टिकोणले हेर्ने हो भने यसले संविधानलाई परिमार्जन गरेको अवस्था छ ।

**० संविधानको धारालाई परिमार्जन गर्ने अधिकार अदालतसँग छ त ?**

– संशोधन वा परिमार्जन गर्ने काम अदालतको होइन । तर जहाँनेर अन्योलता सिर्जना हुन्छ, त्यसमा अदालतले व्याख्या गर्छ । संविधानको व्याख्याको मार्फत् पनि परिमार्जनको हदसम्मको काम पनि अदालतले गर्दछ र गरिआएको चलन पनि छ । किनभने संविधान निर्माण गर्दाको अवस्थामा निर्माताहरुको दिमाग तत्काल जुन कुराहरु आउँछ, त्यसलाई हेरेर सम्भावित राजनीतिक घटनाहरुलाई विचार गरेर व्यवस्था गरेका हुन्छन् । कहिलेकाँही यस्ता घटनाहरु हुन्छन्, जसको परिकल्पना संविधानले गरेको हुँदैन । त्यस्तो परिस्थितिमा नयाँ-नयाँ किसिमका प्रणाली र व्यवस्थाहरु भइरहेका हुन्छन् । कहिलेकाँही ती कुराहरुको आत्मसात गर्नुपर्ने हुन्छ । परिमार्जन पनि अदालतले बेला-बेलामा गर्ने गरेको दृष्टान्तहरु छन् । अहिलेको परिवेशमा त्यो गर्नु आवश्यक थियो कि थिएन भन्ने कुरा एउटा बहसको विषय हुनसक्दछ ।

**० पछिल्लो समयमा अदालतले राजनीतिक विषयमा माग दाबीभन्दा पनि बढी नै फैसला दिँदै आएको देखिन्छ । भनेपछि अदालतले पनि राजनीति गर्न थाल्यो भन्ने आरोपहरु पनि छन् । यसलाई कसरी हेर्नुहुन्छ ?**

– न्यायिक सक्रियताको कुरामा अदालतले संयमता अपनाउनुपर्ने हुन्छ । राज्यका तीनवटा अंगहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका आफ्ना अधिकारक्षेत्रभित्र बस्नुपर्छ । सीमा नाघ्नु हुँदैन भनेर संविधानले पनि परिकल्पना गरेको छ । तर कहिलेकाँही अदालतले न्यायिक सक्रियता देखाउने गर्दछ । समाजमा एक किसिमको अराजकताको स्थिति निर्माण भइरहेको बेला र कार्यपालिका-व्यवस्थापिकाले आफ्नो जिम्मेवारी निर्वाह नगरिरहेको अवस्थामा अदालतले न्यायिक सक्रियता देखाउँछ । न्यायिक सक्रियतालाई राम्रो मानिदैन । यो विशेष परिस्थिति र कारणमा देश र जनताको हितका लागि सक्रियता देखाउने हो । त्यसकारणले यसलाई राम्रो नमाने पनि विभिन्न मुलुकहरुमा यस्तो गरिँदै आएको छ । संविधानसँग जोडिएको राजनीतिक विवादमा अदालतले फैसला गर्दा त्यसको राजनीतिक प्रभाव त पर्न नै जान्छ । राजनीतिक प्रभाव परेपछि अदालतले राजनीतिमा हात हालेजस्तो देखिन्छ । यसर्थमा अदालतले राजनीति गर्छु भनेर फैसला गरेको होइन । तर अदालतको फैसलाको प्रभाव राजनीतिकरुपमा परेकोले राजनीति गर्न खोज्यो भन्ने लागेको मात्र हो ।

**० तर पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीका धेरै निर्णयहरुलाई बदर गर्दै आएको छ नि ?**

– अदालतले ओलीजीका केही कारबाहीहरुलाई बदर गरेको छ भने केही कामकारबाहीहरु सदर पनि गरेको छ । अदालतको इजलासमा बस्ने न्यायाधीशहरुको विवेकमा भर पर्ने कुराहरु यसमा देखिएका छन् । जस्तै, नागरिकता अध्यादेशमा रोक लगाइदियो । हालाकि त्यसमा न्यायिक सक्रियता नै बढी भयो र संविधानको पनि पालना भएन भनेर देखिएको छ । किनभने अध्यादेशमा जुन कुराहरु आएका थिए, त्यो संविधानसँग बाँझिएको थिएन । सबै संविधान अनुकूल नै थियो । प्रतिनिधिसभाले ढिलाइ गरिरहेको थियो, विघटन भइसकेको अवस्था थियो । उमेर पुगेर नागरिकता प्राप्त गर्न नसकेका मानिसहरु दुःखी, पीडितहरुको संख्या यथेष्ट मात्रा थियो । त्यसलाई न्याय दिलाउनका लागि संविधानअन्तर्गत नै रहेर अध्यादेश आएको थियो । अदालत सरकारको एकैचोटि विरुद्धमा उत्रेको भन्नुभन्दा पनि मिश्रित देखिएको छ ।

**० अधिकांश मुद्दामा संवैधानिक संकट देखिएको छ, जसका लागि अदालतले नै निर्णय गर्ने गरेको छ । संविधानमा त्रुटि छन् कि नेताहरुले राम्ररी कार्यान्वयन गर्न सकिरहेका छैनन् ?**

– राजनीतिक दलका नेताहरुको सोच र व्यवहारमा फरक पर्ने कुरा हो यो । अदालतले आफैले त मुद्दाहरु खडा गरेको होइन । अदालतमा मुद्दा लिएर आउने दलका नेताहरु नै हुन् । संसद विघटनकै मुद्दामा यदि दलहरु आपसमै सहमति गरेको भए त्यसमा अदालतले हस्तक्षेप गर्दैनथ्यो । राजनीतिक दलहरुले सत्ता परिवर्तनको खेल खेल्दा संविधानको धारालाई नै टेकेर गर्नुपर्ने हुन्छ । सत्ताको खेल खेल्ने क्रममा दलहरुले नै यो कुराहरु अदालत ल्याएपछि त्यसमा अदालतले व्याख्या गर्नैपर्छ । हुन त संविधानको राजनीतिक सहमतिको दस्तावेज नै हो । अदालतले संविधानको व्याख्या गर्दा कुनै दललाई फाइदा, कुनै दललाई बेफाइदा हुन गएपछि राजनीतिमा प्रत्यक्ष प्रभाव पर्छ ।

**० सर्वोच्चको परमादेशबाट प्रधानमन्त्री बन्नुभएका शेरबहादुर देउवाको कार्यकालको आयु कति देख्नुहुन्छ ?**

– प्रतिनिधिसभाको कार्यकाल लगभग एकडेढ वर्ष जति बाँकी छ । शेरबहादुरजी सर्वोच्च अदालतको परमादेशबाट संविधानको धारा ७६ (५) अन्तर्गत प्रधानमन्त्री बन्नुभएको छ । उहाँ नियुक्त भएको ३० दिनभित्र विश्वासको मत लिनुपर्दछ । उहाँले विश्वासको मत लिनुभयो भने एक वर्षसम्म उहाँको विरुद्ध अविश्वासको मत लाग्दैन । भनेपछि उहाँले लगभग पूरै कार्यकाल सरकार चलाउनु हुन्छ र यो प्रतिनिधिसभाको कार्यकाभरि प्रधानमन्त्री रहिरहने सम्भावना छ ।

**० यदि उहाँले विश्वासको मत प्राप्त गर्न सक्नुभएन भने के हुन्छ ?**

– प्रधानमन्त्री देउवाले यदि विश्वासको मत प्राप्त गर्न सक्नुभएन भने के हुन्छ भन्ने कुरामा अहिले बहस भइरहेको छ । तर सर्वोच्चको यो फैसलाले संविधानको धारा ७६ (५) बाट नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा अर्को प्रधानमन्त्रीको नियुक्ति हुन नसकेमा भनेपछि विकल्प त अझै बाँकी छ । त्यसकारणले देउवाजीले विश्वासको मत प्राप्त गर्न सक्नुभएन भने वैकल्पिक सरकारको बाटो खुल्छ फेरि । देउवाजीले यदि संसद विघटनको सिफारिस गर्नुभयो भने सर्वोच्चको यही फैसलालाई टेकेर राष्ट्रपतिज्यूले प्रधानमन्त्रीको सिफारिस नमान्न सक्नुहुन्छ । राष्ट्रपतिले ७६ (५) अन्तर्गत नै नयाँ प्रधानमन्त्रीको खोजीका लागि सम्भावना खोज्नुहुन्छ ।

**० यदि शेरबहादुर देउवाले पनि विश्वासको मत पाउन सक्नुभएन र फेरि प्रक्रिया सुरु हुँदा संविधानको धारा ७६ (५) अन्तर्गत देउवा वा ओली भाग लिन पाउनुहुन्छ कि नाई ?**

– सर्वोच्च अदालतको असार २८ गतेको फैसलाले तत्कालीन प्रधानमन्त्री केपी ओलीजीलाई अयोग्य घोषणा गर्‍यो । भनेपछि केपी ओलीजीलाई यो फैसलाले बन्देज लगाई नै सक्यो । अब देउवाजीले ७६ (५) अन्तर्गत विश्वासको मत प्राप्त गर्न सक्नुभएन भने संसदले उहाँलाई अस्वीकार गरेको देखिन्छ । एकपटक अस्वीकृत भइसकेको व्यक्तिले पुनः ७६ (५) अन्तर्गत देउवाजीले दाबी गर्न सक्नुहुन्न । अर्को नयाँ व्यक्ति आउनुपर्‍यो । देउवाजी असफल हुनुभयो भने सम्भवतः नयाँ व्यक्ति आउनुहुन्छ ।

**० देउवाको सरकारमा जसपाका कुनै पनि पक्ष अहिलेसम्म जान नसक्नुको कारण के देख्नुहुन्छ ?**

– जनता समाजवादी पार्टी नेपाल अहिले दुई पक्षमा विभाजित छ, पार्टी छुट्टाछुट्टै गर्ने प्रक्रियामा छ । जसपाको लाइन जनताको मुद्दाभन्दा सत्ताको खेलामा लागेको छ । महन्थ ठाकुर पक्ष केपी ओलीकै सरकारलाई निरन्तरता दिएर आफ्ना केही मागहरु पूरा गराउन चाहनुहुन्थ्यो भने उपेन्द्र यादव पक्ष केपी ओलीको निरन्तरता चाहनु भएको थिएन । हालाकि उपेन्द्र यादव स्वयं पनि केपी ओलीको सरकारमा १८-१९ महिना बसेर काम गरिसक्नुभएको छ । उहाँले लामो समयसम्म सरकारमा बसिरहँदा आफ्नो माग वा मुद्दा पूरा गराउने अडान देखाउनु भएन । पछि केपी ओलीसँग सम्बन्ध बिग्रिएपछि उपेन्द्रजी सरकार छोड्न बाध्य हुनुभयो । अहिले उहाँ सरकारको खेलभन्दा बाहिर पनि हुनुहुन्न । केपीको बहिर्गमन मात्रै उहाँको अभियान थिएन, उहाँ देउवाको सरकारमा सामेल हुन पनि चाहनुहुन्छ । उपेन्द्र पक्षले देउवाको सरकारमा सहभागी हुने निर्णय पनि गरिसकेको छ । मन्त्री बन्ने लालसा पनि त्यतिकै छ, देउवा सरकारमा जान खुट्टा उचालिसकेको छ र देउवा सरकारमा जानकै लागि समर्थन गरेको हो ।

**० उपेन्द्र यादव पक्षलाई केले रोकेको होला ?**

– यसका विभिन्न कारणहरु हुनसक्छ । जस्तै, देउवा सरकारले विश्वासको मत प्राप्त गर्न सक्छ कि सक्दैन अहिले आशंकाको अवस्था छ । माधव नेपालजीसँग रहनु हुने सबै सांसदले विश्वासको मत दियो भने सरकारको निरन्तरता हुन्छ । यदि त्यो हुन सकेन भने ठाकुर पक्षको जस्तै हालत हुने आशंका छ । त्यसैले अहिले हेर पर्खको स्थितिमा देखिएको छ । अर्को कुरा पार्टीको आधिकारिकताको टुंगो लाग्न पनि बाँकी छ । तर पार्टी आधिकारिकताको विवादले सरकारमा जान रोकेको छैन । तेस्रो कारण, ठाकुरजीको पक्ष सरकारमा जाँदा ठाकुरजी स्वयम् सरकारमा सहभागी हुनुभएन र अन्य नेताहरुलाई पठाउनुभयो । यही कुरा उपेन्द्र पक्षमा पनि उठेको छ कि अध्यक्ष स्वयम् सरकारमा जानु हुँदैन । के साँच्चिकै उपेन्द्रजी स्वयम् सरकारमा जाने चाहना नराख्नुभएको हो कि । यस्ता कारणहरुले गर्दा तत्काल सरकारमा जान उपेन्द्रजीलाई अप्ठ्यारो परेको हुनसक्छ । तर उपेन्द्रजीको पक्ष सरकारमा जाने निश्चित छ ।

**० उपेन्द्र यादवमाथि नैतिक दबाब पनि छ कि ?**

– निश्चितरुपमा नैतिक दबाब पनि देखिन्छ । जसरी महन्थ ठाकुर पक्षले उधारोमा होइन, नगदमा भन्दै हुनुहुन्थ्यो, त्यसका लागि केही मागहरु पूरा पनि भएको थियो र प्रक्रिया पनि सुरु भएको थियो । तर उपेन्द्र यादव त्यतिकै सरकारमा जानुभयो भने सत्ताकै खेलमा लागेको आरोप लाग्छ । मधेशी, आदिवासी जनजाति लगायतको मागप्रति देउवाजी त उद्दार देखिनुभएको छैन । संविधान जारी भइरहँदाको अवस्थामा मधेशमा जुन सयौंको संख्यामा मानिसहरु मारिएका थिए, त्यो कांग्रेस नेतृत्वको सरकारले मारेको हो । कांग्रेसकै नेतृत्वको सरकार रहँदा त्यत्रो मधेशीहरु शहादत प्राप्त गरेका थिए । भनेपछि अहिले केही प्राप्त गरेर सरकारमा जान्छ कि सेवा सुविधाका लागि मात्र जान्छ भन्ने कुराहरुको ठूलो नैतिक दबाब पनि हो । पार्टीको मान्यतालाई हेर्ने हो भने बिनाशर्त, उपलब्धीविहीन तरिकाले सरकारमा उपेन्द्रजी जानुभयो भने आया राम र गया रामभन्दा बढी केही हुँदैन ।

# ओली सरकारको बहिर्गमन



**लिला बल्लभ नेपाल**

२०७४ साल मंसिरको आम निर्वाचन मार्फत उदयमान भएका ओलीको राष्ट्रबाद देखेर सबै नेपालीको मुहारमा खुशी छाएको थियो। अब पक्कै पनि देशले काँचुली फेर्ने छ र देशले समृद्धिको यात्रा समाउने छ। केपी ओलीलाई राजनेताको रुपमा प्राप्त गर्न सबै नेपाली एक ढिक्का भई समर्पित भएका थिए। आम निर्बाचन मार्फत सबै नेपालीको संयुक्त पहलमा नेपाल र नेपालीको मुहारमा खुशी आउने विश्वासमा झण्डै दुई तिहाइ सहितको बहुमतको सरकार गठन गर्न ओली सम्बद्ध पार्टीलाई जननिर्देश प्राप्त भई रहँदा अब नेपालीका दुःखका दिन गए, देशले राज नेता प्राप्त गरिसकेको छ, कसैले अव नेपाल र नेपालीको कमजोरीमा खेल्न पाउँने छैन। देशमा सुशासन कायम हुनेछ, उत्तर दक्षिणका खेलहरु निस्तेज भएर जानेछन, पूर्ब पश्चिम रेल संचालन हुनेछ, जनताको घर घरमा ग्यासको पाइप जडान हुनेछ, नेपालीहरु सुती सुती खाने दिन आउने छन् जस्ता सपनाहरु नेपालीहरुले देख्न थालिसकेका थिए। तर भाग्य फुटेको हो वा विधाताको खेल नेपालीहरुको अपुरो र अधुरो सपना तब चकनाचुर भयो जब ओली सरकारले झण्डै दुई तिहाइ सहितको जनमतलाई बेवास्ता गर्दै संसदै भंग गरिदियो। के चुनाबका बेलामा ओलीले नेपाली जनतालाई देखाएको सपना सबै झुटो थियो ? राष्ट्रबादको बिल्ला लगाएर जनताको मनोभावना सँग ओली सरकारले खेलेकै हो या देशी विदेशी शक्तिले उनलाई नेपाली जनता सँग खाएका वाचा पुरा गर्न नदिएको हो, यत्र तत्र सर्बत्र चर्चाको बिषय बनेको छ। ओलीको अबको कार्यदिशा के हो वा उनी देशलाई कता धकेल्न चाहान्थे र नेपाली जनतालाई ओली सरकारले कस्तो सपना बाँढ्न चाहान्थ्यो, यो बिषय नेपाली जनमानसमा चासो तथा सरोकारको बिषय बनेको छ।

कोरोना महामारी र ओली सरकार

देशको सम्पूर्ण शक्ति एकत्रित गर्दै कोरोना संक्रमण संग लड्दै रोग, भोक र शोकबाट जनतालाई बचाउने, चुनाबताका देखाएका सपनाहरु पुरा गर्न लागि पर्दै समग्र अर्थतन्त्रको विकास गर्नु, राष्ट्रिय एकता दरिलो बनाउँदै भौगोलिक अखण्डता कायम गर्ने, राष्ट्रियता प्रति आफ्नो चट्टानी अडानलाई सबल बनाउँदै कुटनैतिक माध्यमबाट छिमेकी मुलुकहरुसँग सन्तुलित सम्बन्ध स्थापित गर्नु ओली सरकार सामु खडा भएका महत्वपूर्ण नैतिक जिम्मेवारी थिए। कोरोना महामारीले थलिएको अर्थतन्त्रको शिकार बनेका नेपाली जनताहरुले शोक र भोकले अकालमा ज्यान गुमाउनु पर्ने बाध्यता नआवस्, महामारीमा आफन्त गुमाएको पीडामा कसैले आएर मल्हम पट्टी लगाइदेवस् भन्ने भित्री चाहना को सँग हुँदैन होला र ? रोहिरहेका जनताहरुको आँखाको आशु पुछ्नुको सट्टा संसद भंग गरेर तिनै जनता सँग भोट माग्न आउनु नेपाली जनताको हीतमा होला र ? अव त नेपाली जनताका दुःखका दिन गए, महामारी आए पनि देशमा ओली सरकार छ, पक्कै पनि नेपाली जनतालाई राहत हुनेछ, "जुन जोगी आए पनि कानै चिरेको", यहि हो नेपाली जनताको नियति ? यो समय ओली सरकारको अग्नी परीक्षाको समय थियो, छोटो समयमा यो सरकारले आफुलाई अब्बल देखाउनु पर्ने थियो। राष्ट्रबादको अस्त्र मात्र होइन सुशासनको कार्यान्वयनलाई फितलो समेत हुन दिनु हुँदैन थियो जुन अस्त्र चुनाबी मैदानको राम बाँण बन्न सक्थ्यो। आज यो विदाइमा धन्यवाद बाहेक केही पनि छैन दिनलाई नेपाली जनताको हातमा हाम्रा महामहिम प्रधानमन्त्रीज्यूलाई।

ओली सरकारका सकारात्मक प्रयास

१. म भ्रष्टाचार गर्दिन र गर्न पनि दिन्न अभियानको शुरुवात स्वागत योग्य छ,
२. उत्तरतर्फको रेलमार्ग निर्माणलाई सहज तुल्याउन टोखा-छहरे र बेत्रावती-स्याफ्रुबेसी सुरुङ मार्ग प्राथमिकतामा राखिएको छ,
३. केरुङ-काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग, रक्सौल-काठमाडौं र पूर्व-पश्चिम विद्युतीय रेलमार्ग सरकारका 'ड्रिम प्रोजेक्ट निर्माण प्रकृया संचालनमा आएको छ,
४. ७४५ स्थानीय तहमा बाणिज्य बैकका शाखाहरु स्थापना भएका छन्,
५. शिक्षित बेरोजगारहरुलाई सीप र उद्यमशीलता सहितको उच्चस्तरको रोजगारीमा ल्याउने कार्यको शुरुवात भएको छ,
६. करको दर होइन, करको दायरा बढाउने अभियानको शुरुवात गरिएको छ,
७. कोलकातामा नेपालले आफ्नै कन्टेनर स्टेशन निर्माण गरी संचालनमा ल्याएको छ,
८. लार्चाको सुख्खा बन्दरगाह संचालनमा आई भूकम्पपछि बन्द रहेको तातोपानी नाकाबाट व्यापारिक वस्तुको आयात निर्यात हुन थालेको छ,
९. अण्डा तथा माछामासुको उत्पादनमा मुलुक आत्मनिर्भर बन्दै गएको छ,
१०. ओली सरकार गठन भए यता कूल ३ हजार ६ सय ३६ किलोमिटर सडक कालोपत्रे भएको छ,
११. सबै जिल्लाहरु तुइनमुक्त बनाउने अभियान शुरुवात भएको छ,
१२. राष्ट्रिय परिचयपत्र, नागरिक अधिकार एप, अनुगमन पोर्टल र नेपालीपोर्ट नामक सफ्टवेयर लगायत दर्जनभन्दा बढी डिजिटल प्लेटफर्महरुको शुरुवात भएको छ,
१३. सरकारको कामलाई प्रभावकारी रुपमा अनुगमन गर्न प्रधानमन्त्री कार्यालयमा रहेको एक्सन रुमको स्थापना गरी संचालनमा ल्याईएको छ ,
१४. प्रधानमन्त्रीसँग मन्त्रीहरुले, मन्त्रीहरुसँग सम्बन्धित सचिवहरुले र सचिवहरुसँग मातहतका अधिकारीहरुले कार्यसम्पादन सम्झौता गर्ने प्रचलनको शुरुवात गरिएको छ ,
१५. थानकोट-चित्लाङ, खुर्कोट-चियाबारी र फेदीखोला-नयाँपुलमा सुरुङ मार्गको अध्ययन सुरु भएको छ ,
१६. पूर्व-पश्चिम राजमार्गलाई एसियाली राजमार्गको स्तरमा ४ देखि ६ लेनमा स्तरोन्नति गर्ने कार्य अघि बढेको छ,
१७. उत्तर-दक्षिण जोड्ने विभिन्न कोरिडर निर्माणको लागि स्रोत सुनिश्चित गर्ने कार्यसमेत अघि बढाइएको छ,
१८. प्रदेश नं. २ मा समृद्ध बनाउन सुनकोशी-मरिन डाइभर्सन परियोजना तथा निजगढ विमानस्थल निर्माणको निर्माण कार्य प्राथमिकताका साथ संचालन भएको छ,
१९. भारतको आन्तरिक जलमार्गको प्रयोग गरी समुन्द्रसम्म पुग्न, नेपालको आफ्नै राष्ट्रिय ध्वजाबाहक पानीजहाज संचालन गर्नेगरी भारतसँग सहमति गर्नुका साथ नारायणी नदीमा क्रूज संचालनको सफल परीक्षण समेत सम्पन्न गरिएको छ,
२०. प्रतिदिन करिव ८ सय टन फलाम उत्पादन हुन सक्ने गरी नवलपुरको धौवादीमा फलाम उत्खनन गर्न धौवादी फलाम कम्पनी लिमिटेड स्थापना गरिएको छ,
२१. दैलेखमा पेट्रोलियम पदार्थको अन्वेषण कार्य सुरु भएको छ ,
२२. १३ औं सागमा ५१ वटा स्वर्ण पदक सहित २ सय ७ वटा पदक हाँसिल गर्दै नेपालले खेलकुद क्षेत्रमा छलाङ मार्न सफल भएको छ,
२३. अन्तर्राष्ट्रिय क्षेत्रमा सरकारको भूमिका, पहिचान, परिचय र प्रभाव विस्तार गर्न अन्तर्राष्ट्रिय सम्बन्ध लगभग १७० देशसँग स्थापित भएको छ,
२४. चीनका राष्ट्रपतिको २३ वर्षपछि नेपालको भ्रमण सफलता पूर्बक सम्पन्न भएको छ,
२५. क्लाइमेट चेन्ज, माउण्टेन एण्ड फ्यूचर अफ ह्यूमानिटी विषयमा सगरमाथा संवाद कार्यक्रम संचालन गरिएको छ।

ओली सरकारले समाधान गर्न नसकेका क्षेत्र:

१)आफ्नै पार्टी भित्र शक्ति सन्तुलन कायम गर्न नसक्नु

तत्कालिन नेकपा एमाले र माओवादी केन्द्र मिलेर बनेको नेपाल कम्युनिष्ट पार्टी भित्र नेताहरु वीच जिम्मेवारी बाँडफाँड तथा उचित व्यवसथापन हुन नसक्दा असन्तुष्टि चुलिँदै गयो र संसद बिघटनका साथै पार्टी एकता भाँडियो जुन ओली सरकारको ठुलो कमजोरी हो।

२) विदेश नीति सन्तुलित बन्न सकेन

सन्तुलित विदेश नीति स्थापित गर्न नसक्दा नेपाल कहिले भारतको खेल मैदान बन्यो, कहिले चिनको खेल मैदान बन्यो, कहिले अमेरिकाले नेपालको कमजोरी सँग खेल्न खोज्यो त कहिले युरोपेली राष्ट्रहरुले नेपाललाई खेल मैदान ठाने। त्यसैले बिदेश नीति सन्तुलित बनाउन नसक्नु ओली सरकारको महत्वपूर्ण कमजोरी हो।

३) देशमा स्थायी शान्ति कायम गर्न नसक्नु

संक्रमणकालिन घटनासँग सम्वन्धित मुद्धालाई सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिपन आयोगको माध्यमवाट उचित न्यायिक निरुपण गर्दै समाजमा स्थायी शान्ति कायम गर्ने कदम चाल्न नसक्दा असन्तुष्ट पक्षहरु समाजमा हावी भएको देखियो जसको कारण समाजमा स्थायी शान्ति कायम हुन सकेन, जुन ओली सरकार असफलताको कारण बन्यो।

५)सुशासन कायम, भ्रष्टाचार नियन्त्रण तथा दण्डहिनता मौलाउनु

ओली सरकारले भ्रष्टाचारिको अनुहार पनि हेर्दिन भनिरहँदा उनकै क्याबिनेट मन्त्रिहरु भ्रष्टाचार सम्वन्धी विवादमा पर्नु, कोरोना महामारीमा समेत भ्रष्टाचारजन्य कृयाकलाप मौलाएको देखिनु, दण्दहिनता दिनदिनै मौलाउँदै जानु, अपराधीहरुलाई कारवाही गर्नुको सट्टा राजनीतिक संरक्षण गर्नु, निर्मला हत्या प्रकरण जस्ता प्रतिनिधिमूलक घटनाका दोषीलाई कारवाहीको दायरामा ल्याउन नसक्नु, समाजमा विवादित व्यक्तिहरुलाई सार्बजनिक पदमा नियुक्ति दिनु, स्वास्थ्य सामाग्री खरिद विवाद प्रकरण लगायतका काण्डहरुलाई कारवाहीको दायरामा ल्याउनुको सट्टा उल्टै राजनीतिक संरक्षण गर्ने जस्ता कृयाकलापबाट ओली सरकार दिन दिनै कमजोर बन्दै गयो।

६) कमजोर संसदीय अभ्यास

नेपालको संविधानले संसदीय प्रणालीलाई अवलम्बन गरेको परीपेक्षमा संसदीय विधि प्रकृयाबाट शासन संचालन गर्नु पर्नेमा संसद अधिबेशन अन्त्य गरी अध्यादेशको माध्यमबाटै महत्वपूर्ण निर्णयहरु गर्दै शासन संचालन गर्ने प्रकृया अबलम्बन गर्नुले सरकार संसदीय प्रकृयाबाट भाग्न खोजेको हो की भन्ने आशंका पैदा गऱ्यो जसको कारण समाजमा सरकारको छबी धमिलिदै गयो र झण्डै दुई तिहाई सहितको सरकारको धरातल कमजोर बन्न पुग्यो।

ओली सरकारले गर्न नसकेका कार्यहरु:

१. भ्रष्टाचारजन्य कृयाकलाप तथा आपराधिक कृयाकलापमा संलग्न रहेको आरोप लागेका र कानूनले सजाय तोकेका व्यक्तिहरुलाई कारवाहीको दायरामा ल्याउन सकेनन् ओलीले।
२. सार्बजनिक रुपमा पटक पटक खाएका सयौं बाचाहरु/कसमहरु मध्ये १/२ वटा भए पनि पुरा गर्न तिर पनि लाग्न सकेन ओली सरकार।
३. गरिबिको रेखा मुनी रहेको जनसंख्या निकै ठुलो छ नेपालमा, त्यसैले गरिबलाई पुरा गर्न नसकिने आश्वासन दिदैमा व्यस्त भयो ओली सरकार।
४. संसद बिघटन गर्नु पर्ने कारण र यसबाट जनतालाई प्रत्यक्ष लाभ पुग्ने आधारहरु तथ्य र तथ्यांकमा कहिल्यै बोल्न सकेन ओली सरकार।
५. स्थानीय तह, प्रदेश तथा संघमा भएका बिक्रितिहरुको भण्डाफोर गर्ने र आफ्नै मान्छेलाई कारवाही गर्नु पऱ्यो भने पनि छाती ठुलो परेर जनताको पक्षमा निर्णय गर्ने सोच समेत बनाउन सकेन ओली सरकारले।
६. धेरै नेपाली जनताहरु महामारीमा शोक र भोकको पीडामा छन्, कम्तिमा पनि गरिबको भान्सामा चामल र दाउराको व्यवस्था गर्ने अभियान चलाउनु पर्थ्यो, गरिब र निमुखाको पक्षमा बोल्ने आँट कहिल्यै गरेन ओली सरकारले।
७. कुर्सी र सत्तामा सधै लिप्त रह्यो, आफु जनताको सेबक भएको प्रमाणित गर्दा तिनै नेपाली जनताले कुर्सी जोगाइदिने छन् भन्ने कुराको सुइकोनै पाउन सकेन ओली सरकारले।
८. राजनीतिक अठोट र इच्छा शक्तिलाई प्रदेश र स्थानीय तह हुँदै सुशासन, विकास र समृद्धि प्राप्त गर्ने दिशामा कहिल्यै केन्द्रीत हुन सकेन ओली सरकार।
९. संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यबाट स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशिलाको खाका समेत तयार गर्न सकेन ओली सरकारले।
१०. आफ्नो काँधमा जनताले विश्वास साथ विशेष जिम्मेवारी सुम्पेका छन् भन्ने कुरा भुसुक्कै विर्षियो ओली सरकारले।
११. रोजगारी तथा स्वरोजगारका अवशरको सिर्जना हुने गरी नीति तथा विकास कार्यक्रमको शुरुवात समेत गर्न सकेन ओली सरकारले।
१२. सहज, सुलभ, गुणस्तरीय, जीवन उपयोगी तथा समाज उपयोगी शिक्षा प्रणालीको विकास गर्दै सर्बसाधारण गरिब निमुखा जनतामा प्रत्यक्ष लाभ पुग्ने कुनै उल्लेखनीय काम देखिदैन ओली सरकारको।
१३. सबल लोकतान्त्रिक प्रणालीको अवलम्बन गर्दै उच्चस्तरको शान्ति र सुब्यवस्था, जवाफदेहिता, कानूनको शासन तथा नागरिकका हक अधिकारको पूर्ण उपभोगको सुनिश्चित गर्न नागरिकमा परिवर्तनको महशुष हुने गरी शासकीय सुधारलाई सबल बनाउने प्रयास कहिल्यै गरेन ओली सरकारले।
१४. समृद्ध नेपाल सुखी नेपालीको नाराप्रति अक्षरसः प्रतिबद्ध भएको कुरा जनता समक्ष प्रमाणित गरेर देखाउन सकेको भए नेपालको ईतिहासका पानामा ओली सरकारको नाम स्वर्णिम अक्षरले लेखिने थियो, यस्तो ठुलो ऐतिहासिक अवशर गुमायो ओली सरकारले।

अन्तमा,

निष्ठापूर्वक आफ्नो काममा कटिबद्ध, प्रतिबद्ध र दृढ भई जनतासामू गरिएका कबुलहरु पूरा गर्न र नेपाली जनताले गरेको विश्वास अक्षुर्ण राख्न सधै अग्रसर रहने बाचा कसम खाई जनताको नासोको रुपमा प्राप्त गरेको सार्बभौम संसदलाई सानो तिनो घर झगडाकै आधारमा सत्ता र कुर्सीकै लागि बिघटन गर्ने प्रयाज सर्बोच्च अदालतले दोस्रो पटक बदर गरिदिए सँग झण्डै चार बर्ष देखि नेपालको शासन सत्ता संचालन गरिरहेको ओली सरकार बहिर्गमनको बाटोमा पुगेको छ।जनताको नासो दोबाटोमा लथालिंग अवस्थामा छोड्दै ओली सरकार बिदाइ हुँदै गर्दा आज हरेक नेपालीको वर्षौं देखिको घाउँ झन झन आलो हुँदै गएको महशुष भएको छ। कोरोना कहरको कारण हजारौं नेपालीहरु घरवार विहिन अवस्थामा छन्, झण्डै दुई तिहाइको समृद्धि साँचेको सरकारले त निमुखाको आँशु पुछ्न सकेन भने नेपाल र नेपाली जनताका आगामी दिनहरु झन दुःखद् होलान् या सुखद् यो त भविश्यले नै देखाउला, जय होस्।

*स्रोतः विभिन्न अनलाईन मिडियामा प्रकाशित समाचार, लेख तथा रचनाहरु*

## मधेश अपडेट

### 'न्यायमूर्तिले अदम्य साहस देखाए'

जनकपुरधाम। प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले प्रतिनिधिसभा पुनःस्थापनाबाट लोकतन्त्र र संविधानवादको जित भएको बताएका छन्। लोकतन्त्रको रक्षा गर्न न्यायमूर्तिहरुले अदम्य साहस देखाएको भन्दै उनले सर्वोच्चका न्यायाधीशहरुलाई धन्यवाद समेत दिए। प्रदेशसभालाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले भने, 'लोकतन्त्रको रक्षा गर्न न्यायमूर्तिहरुले अदम्य साहस देखाउनुभयो, उहाँहरुप्रति नमन छ।' प्रस्तुत बजेटमा मनोमानी गरेको भन्दै विपक्षी नेकपा एमाले र नेकपा माओवादी केन्द्रका सांसदले प्रदेशसभा बैठक अबरुद्ध गरेपछि बजेटबारे सरकारको दृष्टिकोण राख्न मुख्यमन्त्री राउतले प्रदेशसभालाई सम्बोधन गरेका हुन्। उनले छुटेका योजनाहरु मन्त्रिपरिषद्को बैठकले थप गर्ने बताए।

### उद्यमशीलता विकासका लागि नीतिगत सुधार जरुरी : सरोकारबाला

वीरगञ्ज। उद्यमशिलता विकासका लागि नीतिगत सुधार आवश्यक रहेको सरोकारवालाले बताएका छन्। व्यवसाय दर्ता, कर तिर्दा र बैंकबाट ऋण लिँदाका झन्झटिलो व्यवस्था हटाउनुपर्ने उनीहरुको जोड छ। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश न२ र वीरगञ्ज उद्योग वाणिज्य संघसँगको सहकार्यमा आइतबार वीरगञ्जमा आयोजना गरेको छलफलमा सहभागीहरुले उद्यमशिलता विकासमा राज्यको नीति बाधक भएकाले त्यसको सुधारमा जोड दिएका हुन्। वित्तीय पहुँचको अभाव, औद्योगिक व्यवसाय ऐन र आर्थिक ऐन लगयत ऐनमा भएको फर फरक व्यवस्था, दक्ष जनशक्तीको विकास हुन नसक्नु, भएका कानुनको प्रभावकरी कार्यान्वयन हुन नसक्नु, बजारीकरणको समस्या र ई-कमर्स तथा ई-बिजनेसलाई प्राथमिकता दिन नसकेकोले उद्यमशिलता विकास हुन नसकेको तर्क उनीहरुले गरे। संघ, प्रदेश र स्थानीय तहले एकीकृत लगानी सम्बन्धी कानुन बनाएर 'वान स्टेप सर्भिस'को अवधारणामा जाँदा सहज हुने विज्ञ कुल प्रसाद पाण्डेले बताए। घरेलु तथा साना उद्योगहरुको वित्तीय पहुँचका लागि कर्जाको प्रत्याभूति गरिनुपर्ने उनको भनाइ छ। साना तथा मझौला उद्योगहरु दर्ता गर्नेदेखि नियमन गर्ने तथा ऋण प्रवाहमा सहजीकरण गर्न समेत स्थानीय सरकारलाई अधिकार दिनुपर्ने उनको भनाइ छ। वीरगञ्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष हरि गौतमले व्यवसायीले खुशी भएर कर तिर्ने वातावरण राज्यले बनाउनुपर्ने बताए।

### जन्मिने बित्तिकै छोरीको खातामा १५ हजार

कपिलवस्तु। कपिलवस्तुको विजयनगर गाउँपालिकाले आगामी वर्षको नीति तथा कार्यक्रममा 'छोरी बचाउ, छोरी पढाउने' नारालाई अघि सारेको छ। गाउँपालिकाले परिवारमा पहिलो जन्मने छोरीको नामको बैंक खाता सञ्चालन गरी रु १५ हजार बचत कार्यक्रम ल्याएको छ। ग्रामीण क्षेत्रमा छोरीलाई पढाउन र छोरीको भविष्य सुन्दर बनाउन गाउँपालिकाले कार्यक्रम ल्याएको गाउँपालिका अध्यक्ष गोपालबहादुर थापाले बताए। 'परिवारको पहिलो छोरीको खातामा गाउँपालिकाले रु १५ हजार बचत गर्छ र त्यो बच्चाको परिवारलाई पनि अनिवार्य कम्तीमा रु पाँच हजार वा त्योभन्दा बढी रकम जम्मा गर्न लगाइन्छ', उनले भने। उक्त रकम २० वर्षका लागि बचत गरिने र छोरी २० वर्ष पुग्दा उच्च शिक्षाका लागि रकम प्रयोग गर्न सकिने उद्देश्यले यो कार्यक्रम अघि सारिएको हो। उक्त रकम पाउन गाउँपालिकाले गर्भवतीले नियमित स्वास्थ्य संस्थामा जाँच गरे नगरेको रिपोर्ट कार्ड अनिवार्यसमेत गरेको छ। त्यसले गर्दा गर्भावस्थामा जाँच गर्नेको सङ्ख्यामा वृद्धि हुने गाउँपालिकाको अपेक्षा छ। गर्भवतीले अनिवार्य बर्थिङ सेन्टरमा बच्चा जन्माउनुपर्ने छ। कार्यक्रममार्फत बच्चा जन्मेको ३५ दिनमा नै जन्मदर्ता गराइसक्नुपर्ने व्यवस्था रहेकाले बच्चाको जन्म दर्ता पनि समयमा नै हुने अध्यक्ष थापाले बताए। मधेशमा महिलाको नागरिकता समयमा नै नबनाउने दरमा यो कार्यक्रमले कमी ल्याउने वडा नं ७ का वडाध्यक्ष दिनेश चौधरीले बताए। यसले महिला हिंसामा समेत न्यूनीकरण ल्याउने विश्वास गरिएको छ। गाउँपालिकाले पहिलो छोरीको खातामा जम्मा गरिदिने उक्त रकमले छोरीलाई उच्च शिक्षा पढाउने भार पनि कम हुने र बिहेवारी गर्दा लाग्ने खर्चमा समेत राहत पुग्ने गाउँपालिकाको विश्वास छ। छोरीलाई नियमित विद्यालय जान र शिक्षाप्रति आकर्षित गर्न गाउँपालिकाले हरेक वर्ष कक्षा ६ भन्दामाथि अध्ययनरत छात्रालाई साइकल, शैक्षिक सामग्री र छात्रावृत्ति वितरण गर्दै आइरहेको छ।

### नवजात शिशुको हत्यामा संलग्न ४ जना पक्राउ

मोरङ। नवजात शिशुको हत्यामा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। सोमबार पक्राउ पर्नेहरुमा रंगेली नगरपालिका-५ आँपगाछी टोल बस्ने २५ वर्षीया खुस्बु मण्डल, उनकै बुबा ५० वर्षीय नागेश्वर मण्डल, उनकै आमा ४८ वर्षीय उर्मिला मण्डल र उनकै श्रीमान २८ वर्षीय अरुण मण्डल रहेका छन्। आइतबार राति खुस्वुले छोरीलाई जन्म दिई ब्ल्याँग्केटले घाँटी थिची हत्या गरी उनकै आमा बुवाले संचालन गर्दै आएको रंगेली नगरपालिका-५ चाँदनी चोकस्थित मदिरा पसलभित्र खाल्डो खनी गाडेको अनुसन्धानको क्रममा खुल्न आएपछि ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो। उनीहरु उपर कर्तब्य ज्यान कसूरमा जिल्ला अदालत मोरङबाट ५ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

### ५ पसललाई कारबाही

वीरगञ्ज। बजार अनुगमनका क्रममा खरिद बिल नदेखाउने र अनुगमनमा असहयोग गर्ने वीरगञ्जका ५ वटा पसललाई एक लाख जरिवाना गरिएको छ। वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालय वीरगञ्जले गरेको बजार अनुगमनको क्रममा वीरगञ्ज-११ मीना बजारका ५ वटा प्रति पसललाई २० हजार रुपैयाँ जरिवाना गरिएको हो। अनुगमनका क्रममा खरिद बिल नदेखाउने मीना बजारका आयूष गल्ला किराना पसल, राहुल एन्ड नवीन किराना, न्यू अमित किराना स्टोर्स, कन्हैया किराना र अनुगमनमा असहयोग गर्ने कोमल स्टोरलाई जनही २० हजार जरिवाना गरिएको वाणिज्य कार्यालयका सूचना अधिकारी दिलीप खंग खत्वेले जानकारी दिए।

### अनियमितता लुकाउन दर्ता नम्बर नै खाली

सिरहा। सिरहाको औरही गाउँपालिकाले अनियमितता ढाकछोप गर्न दर्ता रजिष्टरमा दर्ता नम्बर खाली ठाउँ छाडेर पछाडिको दर्ता नम्बरमा दर्ता गरेको पाइएको छ। गाउँपालिकामा हुने गरेको भ्रष्टाचार मिलाउनका लागि अगाडिको नम्बर दर्ता गर्न छाडेर पछाडिको नम्बरमा दर्ता गरेको तथ्य फेला परेको हो। गाउँपालिकामा अनियमितता र भ्रष्टाचार भइरहेको गुनासो बढेपछि गाउँ कार्यपालिकाको कार्यालय औरही पुगेका सञ्चारकर्मीहरुलाई आर्थिक वर्ष २०७७/०७८ मा सञ्चालनमा रहेको विकास निर्माणसम्बन्धी कुनै कागजात नरहेको कर्मचारीहरुले बताए। किन दर्ता रजिष्टरमा खाली ठाउँ राखेर दर्ता गरिएको हो? भन्नेबारे प्रश्न गर्दा कार्यालयमा भेटिएको कर्मचारीले जवाफ दिन सकेनन्। आर्थिक मसान्तको अन्तिममा आएर अनियमितता र पुरानो मितिमा दर्ता गर्न प्रयोजनको लागि दर्ता रजिष्टरमा खाली ठाउँ राखेर दर्ता गर्ने गरिएको छ। गाउँपालिकामा सञ्चालित थुप्रै विकास निर्माण र सामग्री खरिदको सूचना गाउँपालिका वेबसाइटमा पनि राखिएको छैन। उक्त सूचनाहरू गाउँपालिकाको कार्यालयमा पनि नरहेको एक कर्मचारीले बताए।

### सर्लाहीमा छात्रालाई साइकल वितरण

सर्लाही। सर्लाहीको हरिवन नगरपालिका-८ मा रहेको महेन्द्र जनता नमुना माध्यमिक विद्यालयका छात्रालाई साइकल वितरण गरिएको छ। प्रदेश २ सरकारको 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानअन्तर्गत कक्षा ८ मा अध्ययनरत १ सय ३ जना छात्रालाई साइकल वितरण गरिएको हो। हरिवन नगरपालिकाका मेयर गणेश प्रसाईंको प्रमुख आतिथ्यता छात्राहरूलाई साइकल हस्तान्तरण गरिएको विद्यालयका प्रधानाध्यापक जयशंकर सिंहले जानकारी दिए। प्रदेश सरकारले छोरीहरुलाई शिक्षाप्रति आकर्षित गर्ने उद्देश्यले प्रदेशभर संचालन गरेको 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानअन्तर्गत जिल्लाका विभिन्न विद्यालयमा यसरी कक्षा ८ का छात्राहरूलाई साइकल वितरण गर्ने क्रम चलिरहेको छ।

# कृषि केका लागि ?



**ललित कुमार यादव**

कृत्रिम तरिकाले बालिजन्य र पशुजन्या उत्पानदन गर्नु भनेको कृषि हो। यो खेत वा बारीमा अन्न रोपी त्यसलाई गोडमेल गरेर अन्नर उब्जाउने काम हो। पशुपालन, बाली उत्पायदन, मत्स्य पालन, र अन्यक जिव-जन्तु को खेती वा पालन कृषि अन्तकर्गत पर्दछन्। खेतीपाती गरेर जिविकोपार्जन गर्ने समाजलाई कृषि समाज भनिन्छ। हाम्रो नेपाली समाज पनि कृषि समाज हो। तर नेपाली समाजले कृषिबाट जिविकोपार्जन गर्न निकै सकस रहेको छ। यद्यपि नेपाली जनताको मूख्य पेशा कृषि नै रहेको छ। कृषिलाई सम्मानित पेशाको रुपमा नलिने गरेको कारण र कृषिबाट जिविकोपार्जन गर्न सहज नरहेको कारण कृषिमा नेपाली युवाहरुको आकर्षण घटदो क्रममा रहेको छ। कृषिमा युवाजमात आकर्षित हुन नसकेकै कारण युवाहरु जिविकोपार्जन गर्नकै लागि खाडी मुलुकलाई आफ्नो रोजगारिको गन्ततब्यटको रुपमा रोज्न बाध्य रहेका छन्। खाडीमा गएर आफ्नो पसिना बगाएर जिविकोपार्जन गर्ने धेरै नेपालीको बाध्यता रहेको छ। खाडीमा पसिना बगाएर कमाएको पैसाले नेपालमा रहेको परिवारले अयात गरिएको खाद्यान्न किनेर आफ्नो पेट भर्ने गरेका छन्।

नेपालमा अर्थतन्त्रामा कृषिको प्रभुत्वन रहेको छ। १९८० को आखिरी सम्म, ९० प्रतिशत भन्दा बढी जनसंख्याअको जिविकोपार्जनको माध्यम कृषि नै थियो। यद्यपी जमिनको २० प्रतिशत क्षेत्र मात्र खेतीयोग्यर थियो। कृषिले जीडीपी को ६० प्रतिशत र कुल निर्यातको करिब ७५ प्रतिशत हिस्सा ओगटेको थियो। पाँचौं पञ्चिवर्षीय योजना (२०३२ देखि २०३७) को तर्जुमा भएदेखि नै कृषि सबैभन्दाी बढी प्राथमिकतामा पर्दै आएको छ। तर कृषि क्षेत्रले खासै प्रगति गर्न सकेको छैन्। पछिल्लो समयमा आ. ब. २०७३/०७४ देखि लागु हुने गरि १० बर्ष अवधिको लागि सञ्चाालनमा ल्याइएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चाछलनमा आएको ५ बर्ष भैसकेको छ। तर कृषि क्षेत्रमा आपेक्षित प्रगति हुन सकेको छैन। कृषि विज्ञहरुनै परियोजना प्रति असन्तु ष्टी व्यक्त गर्न थालेका छन्। विश्वष बैङ्कगका अनुसार नेपालमा बहुसंख्यरकका लागि खाना, आय र रोजगारी को मुख्य स्रोत कृषि नै हो। कुल गृहस्थ उत्पातदनमा कृषिको करिब ३३ प्रतिशत योगदान रहेको छ।

बार्षिक जनसंख्या बृद्धि दर संग कृषि उतपादन र उत्पादकत्व बृद्धिको तालमेल मिल्न नसक्दा , कुनै समय कृषि उत्पादन निर्यात गर्ने इतिहास बोकेको नेपाल अहिले बार्षिक खर्बौ रकम बराबरको खाद्यसामाग्री आयात गर्नु पर्ने बाध्यतामा पुगेको छ। २०३३ सालसम्म धान चामल निर्यात कम्पनी स्थापना गरी नेपालले धान निर्यात गर्ने गरेको थियो। अहिले नेपालबाट धान निर्यात होईन, नेपालमा धान अयात हुने गरेको छ। २०३८ साल तिर धान चामल निर्यात गर्ने कम्पनी बन्दा भएका थिए। २०४० को दशकबाट नेपालमा धान अयात हुने क्रम सूरु भएको बुझिन्छप।

हिमाली-पहाडी क्षेत्तमा स्थानीय उत्पादन कोदो, मकै, फापर, जौ, उवा प्रयोग हुन्योकमन । यातायातको सुबिधा पुग्न थालेपछि तराईबाट सस्तोमा धान चामल जान थल्योर। जसका कारण पहाडी क्षेत्रमा स्थानीय उत्पादन घटन थाल्यो। अर्कातिर धान उत्पादनको मूख्य भण्डार तराईको जनसंख्यामा अत्याधिक बृद्धी भयो।जसका कारण तराईले पहाड तर्फ धान चामल पठाउन सकेन। भारतबाट अयात गर्नु पर्ने अवस्था आयो। उदाहरणका लागि ०२८ सालको जनगणनाअनुसार रुपन्देही जिल्लाको जनसंख्या २ लाख २५ हजार थियो। गुल्मी जिल्लाको जनसंख्याा २ लाख ७५ हजार थियो। त्यतिबेला सडकको असुबिधाका कारण रुपन्दे२हीमा उत्पादित धान चामल गुल्मी जादैनथ्यो, भारत निर्यात हुन्थ्यो। यतिबेला रुपन्देहीको जनसंख्या १० लाख नाघेको छ। स्थानीय उत्पादनले रुपन्देथहीलाई समेत धान्दैयन। उता गुल्मीको जनसंख्या घटेर २ लाख ५० हजारमा झरेको छ। तर, घरघरमा सडक यातायात पुगेका कारण गुल्मीका जनताले चामल किनेर खान थाले, कोदोको खेति गर्नै छाडे। तराईमा पनि चामल र गँहु बराबरजस्तै प्रयोग हुन्थ्योथ। तराईका निम्न मध्यमवर्गका किसानले आफु गँहुको परिकार खएर धान विक्री गरि नगद कमाउँथे।अहिले तराईमा पनि पुरै भाते संस्कृती सुरु भएको छ। नेपालले धान चामल आयातमा वार्षिक खर्बौ रुपैयाँ खर्च गर्नु पर्नाको मुख्य कारण यही हो।

नेपालमा परम्परागत रुपमा निर्वाहमुखी खेती प्रणालीको अवलम्बन गरिदै आएको छ। यसकारण उत्पादकत्वमा समय अनुसार बृद्धी हुन सकेको छैन्। कृषि उत्पादन र उत्पा दकत्वआमा बृद्धी हुन नसकेको कारण कृषि अहिले सम्म निर्वाहमुखी पेसाकै रुपमा सिमित रहेको छ। कृषि नाफामुलक व्यवसायको रुपमा विकास हुन नसकेकै कारण कृषिमा युवावर्ग आकर्षित हुन सकेको छैन। कृषिलाई आधुनिकीकरण नगरि नाफामुलक बनाउन सकिदैन्। कृषिलाई नाफामुलक व्यवसायको रुपमा विकास नगरी युवावर्गलाई कृषिमा आकर्षित गर्न सक्ने सम्भवना छैन्। कृषिलाई पनि आकर्षित र सम्मानित व्यवसायको रुपमा विकास गर्न सके मात्र नेपालले रोजगारी र खाद्यान्नि आयात गर्ने समस्या समाधान गर्न सक्छ । यसले मात्र नेपाली नागरिकको नेपालको संविधान बमोजिम प्रदत्त नागरिकको खाद्य, खाद्य सुरक्षा तथा खद्य सम्प्रभुता सम्बन्धी मौलिक हकको सुनिश्चिनतता गर्न सरकारलाई सहज हुनेछ।

कृषि जिवन निर्वाहको प्रमुख आधार हो। कृषिविना मानव अहारको आपुर्ति हुन सक्दैन। जिवन जिउन कृषि उत्पादनको उपयोग नगरि सम्भव छैन। तर हामि जस्तो कृषि प्रधान देशमा पनि कृषिमा युवावर्ग आकर्षित हुन सकेको छैन। विश्वका अधिकांश मुलुकले कृषि पेसा अपनाएका छन। कतिले कृषिमा आधुनिकीकरण गरिसकेका छन् र कतिपय मुलुक आधुनिकीकरण गर्ने क्रममा रहेका छन। कृषिमा आधुनिकीकरण र यान्त्रि कीकरण नगरि उत्पानदकत्व् बृद्धि गर्न सम्भव छैन। उत्पाादकत्व बृद्धि नगरि खाद्यान्नण आयात गर्ने बाध्यता टर्ने सम्भवना छैन्। नेपालमा उत्पाबदन हुने प्रमुख खाद्यबाली धान ,मकै, कोदो र गँहु लगायतका खाद्यान्ना समेत आयात हुने गरेको छ। यसले नेपालको प्रमुख पेसा कृषिको दैनिय अवस्थाको संकेत गरेको छ।

नेपालमा अधिकांशले कृषिलाई निर्वाहमूखी पेसाको रुपमा अपनाएको पाइन्छ , र परम्परागत खेतीपाती गर्ने प्रणालि अपनाउदै आएका छन्। परम्परागत कृषिले कृषकको आवश्यकता पुर्ति गर्न सकेको छैन। कृषिबाट आफ्ना अवश्यदकता पुर्ति नभएकै कारण कृषिमा आकर्षण बढन सकेको छैन ।कृषकको आवश्याकता सजिलै पुर्ति गर्न सक्ने अर्थात कृषि पेसा अपनाएर आफ्ना परिवारको सम्पुर्ण आवश्यछकता पुर्ति गर्न सक्ने अवस्थामा कृषिलाई पुर्याअउनै पर्छ। यसले मात्र कृषिमा आकर्षण बढने छ। साथै कृषि पेसा अपनाएकालाई सम्मान गर्ने र कृषिलाई सबभन्दा सम्मानित पेशाको रुपमा लिन सक्नु पर्छ। कृषिलाई एक नाफामुलक व्यवसायको रुपमा विकास गर्नै पर्ने हुन्छ।

कृषिलाई नाफामुलक व्यवसायको रुपमा विकास गर्न खेतियोग्य जमिनबाट बर्षैभरि उत्पादन लिन सक्नु पर्छ। साथै खेतियोग्यव जमिनको संरक्षण र सदुपयोग गर्न त्यतिनै जरुरी छ। मौसम अनुसार खेतीपाती गर्ने त्यो पनि अकासे सिँचाईको भरमा। कृषिको यो बाध्यताको अन्न्य हुनै पर्छ। बर्षमा दुई उत्पादन लिन सक्ने धान लगायतका कृषि उत्पादन को दुई उत्पादन लिने । त्यसको लागि सिँचाई लगायतका अन्यस आवश्यककताको व्यवस्थापन गर्ने। कृषि उत्पादनको उचित मूल्य तोक्ने। जसबाट कृषकको लागत उठोस र आवश्यककता पनि पुरा होस्। कही कृषि उत्पादनले बजार नपाउने तर कही त्यही उत्पादनको अभाव हुने र आयातित वस्तुले बजार पाउने अवस्थाको पनि अन्य्दन हुनै पर्छ।

हामी आयातमा निर्भर रहेका छौं। यस्तोमा हामी कृषि उत्पादनमा मात्र आत्मनिर्भर हुन सकेमा पनि ठुलै उपलब्धी हुनेछ। कृषि उत्पादनमा आत्मनिर्भर हुन हामीलाई चाहिने कुन कुन उत्पादन कति कति हो त्यसको तथ्याङ्क निकाल्ने र सोही योजना अनुसार कृषकलाई खेती लगाउन सुझाउने। भात मात्र खाने होईन हाम्रो अन्य कृषि उत्पादनलाई समेत दैनिक अहारको रुपमा प्रयोगमा ल्याउने। यसरी हामी कृषिमा आत्मनिर्भर भइ सकेपश्चात् निर्यातमुखी कृषिमा केन्द्रीत हुने। कृषकको आर्थिक समस्या समाधान गर्न नगदे बालीको खेती गर्न प्रोत्साहन गर्ने र कृषकको उत्पादनलाई सहज रुपमा रकममा रुपान्तरण गर्ने व्यवस्था मिलाउने। अहिलेको उँखु किसान जस्तो पिडित बनाउनु हुदैन। कृषिलाई व्यवसायको रुपमा विकास गर्ने र यसकै माध्यमले आफ्ना आवश्यकताको पुर्ति गर्ने बाटोमा हिडनु पर्छ। कृषिको लागि चाहिने मल र बिउ बिजनको उत्पादन आफैले गर्ने । यसले चाहिने बेलामा सँधै मलको अभाव हुने समस्याको पनि अन्तय हुन्छय। कृषिलाई व्यवसायको रुपमा विकास गर्न सकेमा कृषि उत्पादन समेत आयात गर्नु पर्ने बाध्यताको अन्तय सँगै धेरै हदसम्म रोजगारीको समस्याको पनि समाधान हुनेछ। साथै मुलुकको समृद्धिको यात्राको थालनी पनि यँहीबाट हुन सक्नेछ।

**lkskeshariaaryan@gmail.com**

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com

## संक्षिप्त समाचार

### दुई पक्षबीच झडपमा एक जनाको मृत्यु

रौतहट । रौतहटमा दुई पक्षबीच झडप भएको छ । रौतहटको चन्द्रपुरमा दुई समूहबीच झडप भएको हो । झडपमा आठजना घाइते भएका छन् । केही घर र आठवटा मोटरसाइकलमा आगजनी भएको छ । झडप देखेर स्थानीय ७० वर्षीय जगरनाथ चौधरीको हृदयाघातबाट मृत्यु भएको प्रहरीले जनाएको छ । झडपमा विनेक चौधरी, आकाश चौधरी, मुथुन कुमार चौधरी, बच्चु चौधरीलगायत घाइते भएका छन् । घाइतेहरुको चन्द्रनिगाहपुरस्थित अस्पतालमा उपचार भइरहेको छ । प्रहरीको अनुसार जग्गा सम्बन्धी पुरानो विवादका कारण चन्द्रपुर नगरपालिका वडा नम्बर ८ बस्तिपुरमा गएराति १० बजे दुई पक्षबीच झडप भएको हो । विवादमा जगनारायण चौधरी, श्रीराम चौधरी र लक्ष्मी चौधरीको घर तोडफोड भएको छ । आठवटा मोटरसाइकलमा आगजनी भएको छ ।

### भरुवा बन्दुक बरामद

कैलाली । गौरीगंगा नगरपालिका-७ महुलियास्थित निराजन सामुदायिक वनभित्र लुकाई राखेको २ थान भरुवा बन्दुक, सोही बन्दुकमा प्रयोग हुने ४४ थान फलामको गोली, १३ थान केभ र अन्दाजी १ सय ग्राम बारुद प्रहरीले बरामद गरेको छ । बिहीबार दिउँसो वनभित्र सरसफाई गर्ने क्रममा कुसुमको रुखको प्वालभित्र भरुवा बन्दुक फेला परेको भन्ने खबर प्राप्तसाथ ईलाका प्रहरी कार्यालय मसुरीयाबाट खटिएको प्रहरीले उक्त हातहतियार फेला पारी बरामद गरेको हो ।

### ढलको पानीमा डुबेर मृत्यु

रौतहट । गौर नगरपालिका-५ स्थित ढलको पानीमा डुबेर सोही ठाउँ बस्ने ५५ वर्षीय नैमुदिन भन्सुरीको शुक्रबार बिहान मृत्यु भएको छ । घरबाट काममा जान्छु भनि निक्लीएकोमा उनी उक्त ढलको पानीमा डुबेर मृत अवस्थामा फेला परेका हुन् । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### पेस्तोल तथा गोलीसहित ३ जना पक्राउ

सर्लाही । ब्रहमपुरी गाउँपालिका-२ स्थित ब्रहमपुरी-मोहनपुर सडक खण्डबाट २ थान पेस्तोल, सोही पेस्तोलमा लाग्ने १७ थान गोली, ४ थान म्याग्जीन र ३ थान मोवाइल सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार दिउँसो पक्राउ पर्नेहरूमा ब्रहमपुरी गाउँपालिका-४ त्रिभुवननगर बस्ने २३ वर्षीय रमेश मण्डल, २० वर्षीय लाली भन्ने नुर आलम मन्सुर र १९ वर्षीय राहुल भन्ने इवरान रायभाट रहेका छन् । बिआर ३० एक्स ६०११ नम्बरको मोटरसाइकलमा हातहतियार बोकी भारतबाट नेपालतर्फ आउँदै गरेको भन्ने खबर प्राप्त हुनासाथ २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुर र प्रहरी चौकी ब्रहमपुरी सर्लाहीबाट खटिएको संयुक्त प्रहरी टोलीले मोटरसाइकल जाँच गर्दा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त हातहतियार सहित फेला पारी पक्राउ गरेको हो ।

### हत्या गरेको अभियोगमा पक्राउ

मोरङ । बिराटनगर महानगरपालिका-५ पृथ्वी चोक बस्ने ४२ वर्षीय भोला सिंहलाई धारिलो हतियार चक्कु प्रहार गरी हत्या गरेको अभियोगमा उनकै भाइ ३१ वर्षीय साजन सिंहलाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । घरायसी विवादमा शुक्रबार राति साजनले चक्कु प्रहार गर्दा भोला गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । गम्भीर घाइते भोलाको बिराट अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । उनी उपर कर्तव्य ज्यान मुद्दामा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### साढे २८ केजी चरेससहित दुई जना पक्राउ

रुपन्देही । बुटवल उपमहानगरपालिका-११ देबिनगरबाट २८ केजी ५ सय ग्राम अवैध लागूऔषध चरेस सहित बाग्लुङ बडिगाड गाउँपालिका-८ बस्ने ३६ वर्षीय रोहित राना लगायत २ जनालाई शुक्रबार साँझ प्रहरीले पक्राउ गरेको छ । उक्त ठाउँस्थित नमस्ते पथ केएफसी पिजा हबमा लागूऔषधको कारोवार भइरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय बुटवल र लुम्बिनी प्रदेश अनुसन्धान समूहबाट खटिएको संयुक्त प्रहरी टोलीले उनीहरुलाई उक्त परिमाणको लागूऔषध र लु.२५ प ६५४४ नम्बरको स्कुटर सहित फेला पारी पक्राउ गरेको हो ।

### अफिमको चोप सहित २ जना पक्राउ

रौतहट । राजदेवी नगरपालिका-३२ चण्डिया गाउँबाट करिब १ केजी अवैध लागूऔषध अफिमको चोप सहित २ जनालाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मकवानपुर मकवानपुरगढी गाउँपालिका-२ बस्ने ३२ वर्षीय अनिल लामा र मकवानपुर बकैया गाउँपालिका-६ बस्ने ३५ वर्षीय सुकलाल वाइवा रहेका छन् । बा.६० प ५३५ नम्बरको मोटरसाइकललाई जिल्ला प्रहरी कार्यालय रौतहट र प्रहरी चौकी वसतपुरबाट खटिएको प्रहरी टोलीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### ट्याक्टर दुर्घटनामा चालकको मृत्यु

कैलाली । कैलारी गाउँपालिका-१ मनाउस्थित भित्री सडकमा से.१ त ३४३४ नम्बरको ट्याक्टर आफै अनियन्त्रित भई शनिबार बिहान दुर्घटना हुँदा ट्याक्टर चालक सोही ठाउँ बस्ने ३५ वर्षीय अमित कठरियाको मृत्यु भएको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### खाडलमा डुबेर किशोरको मृत्यु

कपिलवस्तु । बाणगंगा नगरपालिका-२ तिनैया बस्ने मनिराम थारुको छोरा ११ वर्षीय सुबास थारुको घरदेखि ३ सय मिटर रहेको खेतमा माटो निकालेको खाडलमा डुबेर शुक्रबार दिउँसो मृत्यु भएको छ । उक्त खाडलमा नुहाउने क्रममा डुबेर अशक्त भएका उनको पिपरा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

### छाला र पित्तसहित ३ जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१ पुष्पलाल चोकस्थित राप्ती गेष्ट हाउसको कोठा नम्बर १० बाट संरक्षित रेडपाण्डाको छाला १ थान र ४ वटा भालुको पित्त जस्तो देखिने वस्तु सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । शनिबार साँझ पक्राउ पर्नेहरुमा दाङ घोराही उपमहानगरपालिका-४ ठेगाना भएका ४९ वर्षीय भक्त बहादुर पुन, सोही ठाउँ ठेगाना भएका ४१ वर्षीय केशव पुन र दाङ शान्तीनगर गाउँपालिका-१ ठेगाना भएका २९ वर्षीय रोबिन बुढा रहेका छन् । उक्त गेष्टहाउसमा संरक्षित वन्यजन्तुका अंगको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ अनुसन्धान समूह र जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले तलासी लिने क्रममा उनीहरुले झोलामा लुकाई राखेको उक्त वस्तु सहित फेला पारी पक्राउ गरेको हो ।

### कार दुर्घटनामा एक जनाको मृत्यु

मोरङ । बुढीगंगा गाउँपालिका-१ आरती स्टिलस्थित सडकमा बा.१८ च ९७६ नम्बरको कार अनियन्त्रित भई पोलमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ । शनिबार राति दुर्घटना हुँदा कारमा सवार विराटनगर महानगरपालिका-३ बस्ने ४० वर्षीय रमेश आचार्यको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते उनको विराट अस्पताल विराटनगर हुँदै न्युरो अस्पताल विराटनगरमा थप उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका अन्य ४ जनाको विराट अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### घुरबाट आगलागी

पर्सा । पोखरीया नगरपालिका-९ फुलबारी टोल बस्ने रघुनाथ साह तेलीको गोठमा लामखुट्टे धपाउन बालेको घुरबाट आगलागी भएको छ । आइतबार बिहान आगलागी हुँदा गोठ, अन्नपात, लत्ताकपडा लगायतका सामान जलेर करिब ५ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरी, दमकल र स्थानीयबासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# हामी महन्थ वा उपेन्द्रबाट निर्देशित छैनौं



**अजय झा**
**अध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल**

**० तपाईंले राष्ट्रिय जनता पार्टी नेपाल नामक राजनीतिक दल गठन गराउनुको उद्देश्य के छ ?**

– हाम्रा अग्रज नेताहरुका कारण मधेशमा अहिले राजनीतिक रुपमा नैराश्यता छाएको छ । हाम्रा नेताहरुले विगतदेखि गर्दै आएको गल्तीका कारण जनता खिन्नता देखिएको छ । उनीहरु एक ठाउँमा बस्न पनि नसक्ने भएकाले अब युवाले राजनीतिको बागडोर सम्हाल्नुपर्छ भनेर 'राष्ट्रिय जनता पार्टी नेपाल' निर्वाचन आयोगमा दर्ता गराएका छौं । हामीले म अध्यक्षसहित २१ जनाको केन्द्रीय समिति गठन गरी दल दर्ता गराएका छौं । जसमा एक जना अध्यक्ष र २० जना केन्द्रीय सदस्य छन् । अहिले हामीले केन्द्रीय पदाधिकारीहरु नियुक्त गरेका छैनौं । हाम्रो केन्द्रीय कार्यालय काठमाडौंमै छ । अब हामी प्रदेशदेखि पालिकास्तरसम्म समिति विस्तार गर्नेछौं ।

**० अहिले राजपा नेपालका लागि महन्थ ठाकुर र उपेन्द्र यादवले आआफ्ना मान्छे लगाएर दल दर्ता गराएको भन्ने चर्चा छ नि ?**

– मिडियामार्फत् मैले पनि सुनेको छु । तर आधिकारिकरुपमा हामीलाई थाहा छैन । हामीले राजपा नेपाल नामक राजनीतिक दल दर्ता गराएका छौं र चुनावचिन्ह जोडा बयल रहेको छ । महन्थ ठाकुर र उपेन्द्र यादवजी हाम्रा आदरणीय नेता हुनुहुन्छ । विगतमा म पनि जसपा नेपालको केन्द्रीय सदस्य नै थिएँ । जसपाको विवाद हेर्दा महन्थ ठाकुरजीले उपेन्द्र यादवजीसँग पार्टी एकता गरेर एकदमै ठूलो गल्ती गर्नु भयो । हामी युवाहरुले उपेन्द्र यादवलाई टाउकोमा नचढाउनुस् भन्दाभन्दै पनि ठाकुरजीले गल्ती गर्नुभयो । सोही कारण अहिले जसपा नेपाल विघटन हुने अवस्थामा छ । अब दुवै आदरणीय अध्यक्षहरुले पनि राजपा नेपाल गठन गराउनुभएको छ । उहाँहरु हाम्रो राजपा नेपाल आउनुभयो भने स्वागत गर्छौं ।

**० तर, महन्थ ठाकुरकै इशारामा तपाईंले राजपा नेपाल गठन गराउनुभएको छ नि ?**

– यो एकदम गलत र अफवाह हो । उहाँसँग मेरो नाम जोड्नु स्वाभाविक हो । म पूर्वतमलोपाका विद्यार्थी नेता थिएँ, राजपा नेपालमा पनि थिएँ र जसपामा पनि थिएँ । अर्को कुरा म ठाकुरजीको नजिक रहेर काम गरेको छु र निर्वाचन क्षेत्र पनि एउटै हो । त्यसैले ठाकुरजीसँग मेरो नाम जोड्नु नौलो होइन । तर त्यसमा सत्यता छैन । उहाँले जसपाको केन्द्रीय कार्यकारिणी समिति विस्तार गर्दा पनि मलाई कुनै स्थान दिनुभएन । त्यो असन्तुष्टि पनि मेरो छ । त्यसैले मैले अब युवाले नै मधेश र देशलाई निकास दिनुपर्छ भन्ने उद्देश्यका साथ राजपा नेपाल गठन गरेको हुँ । हरेक आन्दोलनमा युवाहरु नै अगाडि हुन्छन् तर कहिल्यै पनि उचित स्थान पाउँदैन, राजनीतिक दलको नेतृत्व गर्ने अवसर पाउँदैन । त्यसैले एउटा युवा नेतृत्व भएको राजनीतिक दल जसले साँच्चिकै परिवर्तन गर्न सक्छ, त्यो परिकल्पनाका साथ राजपा नेपाल दर्ता गराएको हुँ । हामीले हाम्रा अग्रज नेतृत्वहरुलाई अवहेलना गर्दैनौं, उहाँहरुलाई सम्मानित स्थान दिएर संरक्षक र दिशानिर्देशकको भूमिका राख्न चाहन्छौं ।

**० जसपाको आधिकारिकताको विवाद चर्केपछि राजपा नेपाल ब्युँताउन खोज्नु भनेको त तपाईं कतै न कतैबाट निर्देशित हुनुहुन्छ नि ?**

– त्यस्तो केही पनि छैन । हामीले विगतदेखि नै युवाले नेतृत्व पाए मात्रै यो देशको कायापलट हुनेछ भन्ने सोचका अगाडि बढिरहेका छौं । हामी बाध्यतावश अहिलेसम्म जसपाको ट्याग लगाएर घुमिरहेका थियौं । राजपा नेपाल अर्थात् राष्ट्रिय जनता पार्टी नेपालले मधेशको मात्रै होइन समग्र नेपालीको भावनालाई समेटेर अगाडि बढ्छ । हामी कहीं, कतै वा कसैबाट निर्देशित होइन, नेपालको माटोबाट शतप्रतिशत स्वदेशी दलको परिकल्पना गरेका छौं । हामी कसैको दबाब, प्रभाव वा आग्रह-पूर्वाग्रहमा चल्नेवाला छैनौं । हामी सदैव उत्पीडित, उपेक्षित, शोषितहरुको आवाजलाई उठाउनेछौं । विगतमा हामीले अवसर पाएका थिएनौं । अब आफै नेतृत्वका लागि अग्रसर हुनुपर्छ ।

**० अहिले जसपाको आधिकारिता कसैले पाएन भने महन्थ ठाकुर वा उपेन्द्र यादवले राजपा नेपालको नेतृत्व लिन खोज्नुभयो भने के गर्नुहुन्छ ?**

– अब राजपा नेपालको नेतृत्व हामी युवाले नै गर्ने हो । ठाकुरजी र यादवजी लगायत हाम्रा आदरणीय नेताहरु हुनुहुन्छ । उहाँहरुलाई हामीले नेता मानेकै थियौं । उहाँहरुले जे जति गर्नुभयो, त्यसको सराहना नै गर्छौं तर अब पार्टी र राष्ट्रको बागडोर युवाले सम्हाल्नुपर्छ भन्ने हाम्रो मान्यता हो । उहाँहरु हाम्रा श्रद्धेय, आदरणीय र अनुभवी नेताहरु हुनुहुन्छ, उहाँहरुलाई सम्मान नै गर्छौं । अब नेतृत्व गर्न हामी युवालाई दिनै पर्छ । उहाँहरुलाई हाम्रो राजपा नेपालमा स्वागत गर्छौं तर नेतृत्व युवाले नै गर्नुपर्छ । किनभने उहाँहरुले अहिले जनतालाई निराशा बनाइसक्नुभएको छ । जनताले अब विकल्प खोजिरहेका छन्, युवा नेतृत्वको पर्खाइमा छन् ।

**० भनेपछि राजपा नेपालको नेतृत्व अब युवाले नै गर्छन् ?**

– एकदम । अब हामी कसैको नेतृत्वमा जान सक्दैनौं । यदि परिवर्तन गर्नुछ भने अब युवाहरु पिछलग्गु भएर बस्नु हुँदैन । हामी आफ्ना नेताहरुलाई स्वागत गर्छौं, सम्मान गर्छौं तर राजनीतिक नेतृत्वको बागडोर हामीले नै अगाडि बढाउनुपर्छ भन्ने मान्यता हो । हामीलाई युवालाई कमसेकम एकपटक मौका दिनुस् । हरेक आन्दोलन वा परिवर्तन युवाहरु सदैव अग्रणी भूमिकामा रहँदै आएका छौं । पार्टी वा देशको नेतृत्व किन गर्न सक्दैनौं ।

# परिचयपत्रकै आधारमा नेपालीलाई भारतमा खोप सुविधा

काठमाडौं । भारत सरकारले आधार कार्ड वा कुनै पनि भारतीय परिचयपत्र नभएका नेपालीलाई नेपाली नागरिकताको प्रमाणपत्र वा राहदानीका आधारमा खोप लगाउने व्यवस्था गरेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चुनावी क्षेत्र उत्तर प्रदेशको वाराणसी क्षेत्रबाट यसको सुरुवात भएको हो । अहिले भारतभरि खोप अभियान चलिरहेका वेला नेपाली नागरिकताबाहक पनि भारतीयसरह लाभान्वित भएका छन् । यस सुविधाबाट भारतमा बसेका नेपाली नागरिकले खोपबाट वञ्चित हुनुपर्ने अवस्था छैन । जानकारहरूका अनुसार भारतीय जनता पार्टीको विदेश विभाग प्रमुख विजय चौथाइवालेले यसका लागि सरकारसँग प्रयास गरेका थिए । चौथाइवालेसँग दिल्लीस्थित नेपाली राजदूत नीलाम्बर आचार्यले १५ जेठमा भएको भेटमा नेपालमा खोप आपूर्तिका लागि सहजीकरण गरिदिन र भारतमा रहेका नेपालीलाई खोप लगाउने प्रबन्ध गरिदिन आग्रह गरेका थिए । नेपाली दूतावासले भारतीय विदेश मन्त्रालयलाई कूटनीतिक नोट पठाएर पनि खोपका लागि आग्रह गर्दै आएको थियो ।

नेपाली कागजपत्र नभएका र घरमा काम गर्ने नेपाली मजदुरले पनि मालिकको सिफारिसका आधारमा खोप लगाउने व्यवस्था मिलाइएको जानकारी नेपाली दूतावासलाई भारतीय अधिकारीहरूले दिएका छन् । भारत सरकारले बनाएको आरोग्य सेतु एपबाट खोपका लागि भारतीय नागरिकसरह नेपाली नागरिकले पनि आवेदन दिन सक्ने व्यवस्था छ । त्यसमा कोभिसिल्ड वा कोभ्याक्सिन दुवै खोपमध्ये एउटा रोज्ने अवसर पनि दिइएको छ ।

# भारतीय बजारमा नेपाली ग्राहकको चाप बढ्दो

बाँके । बाँकेस्थित जमुनाह नाकाबाट किनमेलका लागि भारतीय बजार रुपैडिहा जाने नेपालीको चहलपहल बढेको छ । सीमा नाका बन्द भए पनि भारतीय बजारमा नेपालीको चहलपहल बढेको हो । कोभिड-१९ (कोरोना भाइरस) जोखिम कम गर्न नेपाल सरकारले बन्द गरेको नेपाल-भारत सीमा खुलाउन पछिल्लो निर्णय नगरे पनि जमुनाह नाका किनमेलका लागि खुला छ ।

भारतसँगको सीमा नाकामा जारी अवरोध नहटे पनि नेपाली ग्राहक भारतीय बजारमा सहजै आवतजावत गरिरहेका छन् । बिना रोकावट दैनिक उपभोग्य सामग्री खरिद गरेरे ल्याउने गरेका छन् । जसले कोरोना भाइरसको जोखिम बढाएको स्थानीयहरु बताउँछन् ।

नेपाल-भारतबीचको सीमा नाका पूर्ववत् किसिमले त खुलेको छैन तर बन्द अवस्थामा पनि देखिँदैनन् । सस्तोमा सामान पाइने हुँदा कोरोना भाइरसको जोखिमका बीच नेपालीहरु किनमेलका लागि सीमावर्ती भारतीय बजारमा पुग्ने गरेका छन् । सीमा नाका रोजगारीका लागि भारत गएर घर फर्किएकाहरुका र किनमेलका लागि गएकाहरुको शंकास्पद भएमा मात्र पीसीआर परीक्षण गरिन्छ । दुई देशबीचमा पूर्ववत् तरिकाले सवारीसाधन भने चलेका छैनन् । नेपालतिरका सवारी साधन नाकासम्मै पुग्छन् भने उताका सीमाभन्दा करिब ५० मिटरसम्म सवारीसाधन पुग्छन् ।

भारतसँगका नाका खुलाउन नेपाल सरकारले निर्णय नगरे पनि व्यवहारिक रुपले नाकामा केही खुकुलो बनाइएको जिल्ला प्रशासन कार्यालय बाँकेका प्रवक्ता दीर्घराज उपाध्यायले जनाए । भारतीय नागरिक, नेपाली कामदार र कर्मचारीहरुलाई भने स्वास्थ्य परीक्षण गरेर मात्र नेपाल प्रवेशका लागि अनुमति दिइएको छ । नेपालगन्जसँग सीमा जोडिएको रुपैडिहामा कोरोना भाइरसको जोखिम कम भएकाले पनि नाकामा केही खुकुलो पारिएको जनाइएको छ ।

यता नेपालगन्जमा बजार खुले पनि किनमेलका नागरिक बन्द सीमाबाट रुपैडिहा जाँदा यहाँको व्यापार उकालो लाग्न सकेको छैन । नेपाली ग्राहकले चलेका भारतीय सिमावर्ती बजारमा सिमानाका खुकुलो बनेपछि पुनः चहलपहल बढ्दो छ । नेपाली ग्राहकले भारतीय बजार भरिभराउ छन् । नेपालसँग सीमा जोडिएका नाका खुकुलो हुँदा भारतीय व्यापारी खुसी भएका छन् ।

# प्रदेश २ मा कोरोना संक्रमणदर घट्दै

जनकपुरधाम । प्रदेश २ मा कोरोना संक्रमित संख्या ओरालो लागेको छ । प्रदेश २ स्वास्थ्य निर्देशनालयका अनुसार अहिले प्रदेशको विभिन्न जिल्लामा सक्रिय संक्रमित संक्रमित संख्या ९ सय ५६ छ ।

स्वास्थ्य निर्देशनालयले कोरोना संक्रमित निको हुने दर नयाँ संक्रमितभन्दा बढी भएकाले कोरोनाका सक्रिय संक्रमित दिनदिनै डिस्चार्ज भएर घर फर्किन थालेका छन् । स्वास्थ्य निर्देशनालयका निर्देशक विजयकुमार झाका अनुसार कुनै बेला प्रदेश २ मा सक्रिय संक्रमित संख्या साढे ११ हजार नाघेका थिए ।

धनुषामा ४ जना तथा पर्सामा ३ जना नयाँ संक्रमित थप भए पनि प्रदेशभर निको हुनेको संख्या ७१ जना छ । संक्रमित हुनेको संख्यामा कमी हुन थालेपछि संस्थागत आइसोलेसन खाली हुन थालेका छन् ।

सक्रिय संक्रमितमध्ये संस्थागत आइसोलेसनमा हुनेको संख्यामा व्यापक मात्रामा कमी आएको छ । ८ वटै जिल्लाका आइसोलेसनमा हाल ३६ जना मात्र छन् । होम आइसोलेसनमा अहिले पनि ९ सय ३० जना रहेका छन् ।

जिल्लागत रुपमा कोरोनाका सबैभन्दा बढी सक्रिय संक्रमित महोत्तरी जिल्लामा रहेका देखिएको छ । महोत्तरीको संस्थागत आइसोलेसनमा ५ जना तथा होम आइसोलेसनमा ५ सय १० जना गरेर कुल सक्रिय संक्रमित संख्या ५ सय १५ जना छन् । यसैगरी सप्तरीमा संस्थागत आइसोलेसनमा ४ तथा होम आइसोलेसनमा ९५ गरी कुल सक्रिय संक्रमित संख्या ९९ छ ।

सिरहा जिल्लाको संस्थागत आइसोलेसनमा १ जना होम आइसोलेसनमा ३० जना गरेर कुल सक्रिय संक्रमितको संख्या ३१ जना छन् भने धनुषाको संस्थागत आइसोलेसनमा १० जना तथा होम आइसोलेसनमा ९९ जना गरी १ सय ९ जना छन् ।

सर्लाहीको संस्थागत आइसोलेसनमा ५ जना, होम आइसोलेसनमा ३८ जना गरी कुल सक्रिय संक्रमित संख्या ४३ छ भने रौतहटमा होम आइसोलेसनमा २३ जना रहेका स्वास्थ्य निर्देशनालयले जानकारी दिएको छ ।

बाराको संस्थागत आइसोलेसनमा ६ जना तथा होम आइसोलेसनमा १ सय २ जना गरी कुल सक्रिय संक्रमित संख्या १ सय ८ छ भने पर्सामा संस्थागत आइसोलेसनमा ५ तथा होम आइसोलेसनमा २३ छन् ।

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# पाकिस्तानद्वारा भारतका लागि अफगानी जनतामा रहेको सद्भाव विथोल्ने प्रयास

आइतवार भारतले झन्डै ५० जना कूटनीतिज्ञ र वाणिज्य दूतावासका अन्य कर्मीचारी लाई कंदहारबाट स्वदेश फिर्ता बोलाएको थियो। यसैको फाइदा उठाउँदै पाकिस्तान ले कुख्यात अन्तर सेवा खुफिया एजेन्सी को सहयोग मा नँया दिल्ली को छवि धुमिल पार्न खोजेको छ।

यस सम्बन्धमा थुप्रै समाचार पाकिस्तानी दैनिक र टेलिभिजन च्यानलहरूमा प्रसारित गरिएको छ। जसअनुसार दुई आइएएफ सी १७ विमानहरू अफगानिस्तान अवतरण भएका थिए। एउटा शनिबार बिहान ११ बजे कंदहार मा अवतरण गरेको थियो जसले ४० टन १२२ मि.मि. गोली झारेको थियो। अर्को आइतबार साँझ ५ बजे काबुलमा अवतरण गरेको थियो जसले ४० टन १२२ मिलिमिटर गोलाबारुद झारेको थियो। पाकिस्तानी दैनिकी एक्स्प्रेस ट्रिब्यूनले सोमबार (जुलाई १२) मा आफ्नो प्रकाशनमा सूत्रहरूलाई उद्धृत गर्दै भनेको छ कि यी विमानहरू जयपुर र चंडीगढ़बाट प्रस्थान गरेका थिए। र यिनै विमानबाट भारतीय अधिकारीहरूलाई स्वदेश फिर्ता लगिएको थियो। पाकिस्तानी दैनिकले यो पनि भन्यो कि भारतीय हतियारले भरिएका ट्रकहरू काबुलको सडकमा देखिएका थिए।

पाकिस्तानको हकानी नेटवर्कको माध्यमबाट अफगानी तालिबानसँग राम्रो सम्बन्ध स्थापित छ। पाकिस्तानले भारत बिरुद्द यस्तो विकृत प्रचार गरेको देख्दा एउटै मात्र निष्कर्ष निकाल्न सकिन्छ। अफगानिस्तानमा हाल भइरहेको सैन्य कारवाहीमा पाकिस्तान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको छ।

पाकिस्तानले भारतका लागि अफगानी जनता मा रहेको सद्भाव बिथोल्ने प्रयास गरेको छ।पाकिस्तानलाई थाहा छ कि अफगानिस्तानमा भारतको अत्यधिक सम्मान छ र पर्याप्त आरोप लगाए बिना भारत बिरूद्ध घृणा उत्पन्न गर्न सजिलो छैन। त्यसकारण पाकिस्तान ले भारत विरुद्ध यस्तो दुष्प्रचार गर्दै हिंडेको छ। जबकि भारत ले ३ अर्ब डलर भन्दा बढी लगानी गरेर युद्धग्रस्त अफगानिस्तानको पूर्वाधार निर्माण गर्न प्रयास गरिरहेको छ।

भारत अफगानिस्तानमा क्षमता निर्माणमा संलग्न रहेको छ। यस देशलाई आत्मनिर्भर राष्ट्र बनाउनका लागि भारत ३४ प्रदेशमा



५ सय ५० भन्दा बढी सामुदायिक विकास परियोजनाहरूमा संलग्न रहेको छ। अधिक क्षेत्रीय सम्पर्क प्रदान गर्न भारतले हवाई मालवाहक कोरिडोर र चाबहार बन्दरगाह संचालन मा ल्याएको छ। यसका साथै हालै भारतले अफगानिस्तान मा खाद्यान्न असुरक्षा हटाउन ७५ हजार मेट्रिक टन गहुँ पठाएको थियो।

यसबाहेक, घातक कोविड १९ महामारीको सामना गर्न अफगानिस्तानलाई सहयोग पुऱ्याउन भारतले द्वीपक्षीय र कोभ्याक्स सुविधा मार्फत स्वदेश निर्मित खोप प्रदान गरेको थियो।

भारत, एक प्रमुख क्षेत्रीय दाताको रूपमा, अफगानिस्तानमा दिगो शान्तिको पक्षधर रहेको छ। यसका साथै भारतले अफगान सरकार र तालिबानबीच वार्ता सम्भव गर्न र अन्तर-अफगान वार्ता सफल बनाउन भरसक प्रयास गरिरहेको छ।

अर्कोतर्फ अफगानिस्तानसँग सीमा साझा गर्ने पाकिस्तान ले भने युद्ध ग्रस्त सार्क राष्ट्रमा हिंसा र आतंकवाद फैलाउन र अस्थिरता पैदा गर्न कुनै कसर बाँकी राखेको छैन। पाकिस्तानको उत्तरी वजीरिस्तानमा अवस्थित आतंकवादी संगठन हक्कानी नेटवर्कले अफगानिस्तान र काबुलमा सीमापार हिंस्रक अभियान संचालन गरिरहेको आरोप लगाइएको छ।

पाकिस्तानले हक्कानी नेटवर्कलाई तार्किक, वित्तीय र नैतिक समर्थन प्रदान गर्दै आएको छ। यस संगठनलाई एक समयमा अमेरिकी प्रमुख चीफ अफ स्टाफ एडमिरल माइक मुल्लेनले पाकिस्तानी आईएसआईको एक अभिन्न अंग को रुपमा वर्णन गरेका थिए।

यस वर्षको जनवरी महिनामा अमेरिकी कोषागार विभागले पेन्टागनलाई अल कायदाको आर्थिक सहयोगमा हक्कानी नेटवर्कका वरिष्ठ व्यक्तित्वहरूले सशस्त्र लडाकुहरूको नयाँ संयुक्त इकाई गठन गर्नेबारे छलफल गरेको बताएको थियो। अमेरिकी कोषागार विभागले अफगानी तालिवानले अल कायदासँग नजिकको सम्बन्ध राखेको बताउँदै आएको छ।

त्यस्ता घटनाक्रमबाट पाकिस्तान सचेत छ। यस दक्षिण एसियाली देशले एक दशक भन्दा बढी समयसम्म ओसामा बिन लादेन लाई राजधानी इस्लामाबादबाट १२० किलोमिटर उत्तरमा रहेको एबोटाबादमा लुकाएर राखेको थियो। पछि २०११ मे महिनाकोरु २ तारिख मा बिहान अमेरिकी सेनाले उनको हत्या गरेको थियो। त्यसकारण पाकिस्तान ले अल कायदा सहित सबै आतंकवादी समूहहरु सँग सम्बन्ध स्थापित गरेको छ त्यसमा कुनै संकोच छैन।

पाकिस्तानले अफगानिस्तानलाई घात गर्न कुनै कसर बाँकी राखेको छैन। इस्लामाबादले अमेरिकी प्रशासनबाट अरबौं अमेरिकी डलर प्राप्त गरिरहेको छ, तर ती रकम अफगानी तालिबान र हक्कानी नेटवर्कलाई समर्थन र सम्भार गर्न प्रयोग भइरहेको छ। अमेरिका बाट प्राप्त रकम पाकिस्तानले सैन्य र प्रत्यक्ष गुप्तचर सहयोग प्रदान गर्न प्रयोग गरिरहेको छ। जसले अमेरिकी सेना, अफगान सुरक्षाकर्मी र नागरिकलाई लक्षित गर्दै आएको छ। आतंकवादी समूहलाई पाकिस्तानको निरन्तर सहयोगले निराश बनाएपछि अमेरिकाले तत्कालीन राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा सैन्य सहायता प्रदान गर्न स्थगित गरेको थियो।

पाकिस्तानलाई धेरै वर्षदेखि पेरिसमा आधारित आर्थिक प्रतिक्रिया कार्य बलको सूचीमा ग्रे सूची मा राखिएको छ। तापनि निरन्तर अन्तर्राष्ट्रिय प्रतिबन्ध र हप्काई बाट पाकिस्तान ले पाठ सिकेको छैन। सन् १९८९ देखि भारत इस्लामाबाद सहयोगी आतंकवादबाट पीडित हुँदै आएको छ। अफगानिस्तान पनो सन् १९८० देखि नै द्वन्द्व, हिंसा, हत्याको सिकार हुँदै आएको छ। भारत र अफगानिस्तान विरुद्ध आतंकवादलाई हतियार बनाउँदै आएको पाकिस्तान अन्तर्राष्ट्रिय स्तरमा निन्दा कोस पात्र बन्दै आएको छ। युद्ध ग्रस्त देशमा उसले फाइदा भन्दा हानी गर्दै आएको छ। उसले तालिवान माथि भएको आफ्नो प्रभावलाई अफगानिस्तानमा भइरहेको हिंसा रोक्न प्रयोग गर्नुपर्थ्यो। यद्यपि त्यसो गर्नुको साटो उसले भारत विरुद्ध आरोप लगाउने र दुष्प्रचार गर्ने कार्यरु गर्दै आएको छ।

जून महिनामा नयाँ दिल्लीले पाकिस्तान विरुद्ध भारतले अफगानी भूमि प्रयोग गरिरहेको इस्लामाबादको आरोपको खण्डन गरेको थियो। पाकिस्तान त्यतिमा मात्र रोकेन। उल्टा उसले अफगानिस्तानमा त्यति धेरै वाणिज्य दूतावासहरू राख्ने भारतको निर्णयमाथि प्रश्न खडा गऱ्यो। तथ्य यो हो कि भारतले अफगानिस्तानमा जम्मा चारवटा मात्र वाणिज्य दूतावासहरू राखेको छ न कि पाकिस्तान ले भने जस्तो दर्जनौं। भारत विरुद्ध निरन्तर लागेको पाकिस्तान ले अब नयाँ दिल्लीले काबुललाई घातक हतियार प्रदान गरेर सशस्त्र बनाइरहेको आरोप लगाएको छ। यद्यपि सत्य यो हो कि भारत अफगानिस्तानमा दिगो शान्ति स्थापना गर्न व्यस्त रहेको छ। हालै विदेश मन्त्री एस जयशंकरले जुलाई ९ तारिख मा आफ्ना रूसी समकक्षी सर्गेई लाभ्रोभसँग संयुक्त बयान जारी गरेका थिए र अफगानिस्तान को हित र शान्ति स्थापना का लागि कामना गरेका थिए।

जयशंकरले भने, अफगानिस्तानको वर्तमान स्थितिले हाम्रो ध्यानाकर्षण गरेको छ किनभने यसले क्षेत्रीय सुरक्षामा सीधा असर पार्दछ। त्यसकारण चाँडो भन्दा चाँडो यस देशमा हिंसाको अन्त्य हुनुपर्छ र स्थायी शान्ति स्थापना र सुरक्षा को स्थापना को लागि भारत र रुस मिलेर काम गर्न आवश्यक छ। साथै अफगानिस्तान ले हालसम्म उपलब्ध गरेको आर्थिक, सामाजिक र लोकतान्त्रिक विकास सुनिश्चित गर्नु पनि महत्त्वपूर्ण छ।"

पाकिस्तानले जयशंकरको यस भनाइलाई सुन्नु र बुझ्नु पर्छ र भारत विरुद्ध उसले लगाएको आरोप जायज भए नभएको आफैंले मूल्याङ्कन गर्नुपर्छ।

– इण्डिया न्यूज नेटवर्क

## चीनमा उत्पादित ताररहित उपकरण आयात भारतमा रोक

नयाँ दिल्ली । भारतले चीनमा उत्पादित ताररहित उपकरणहरू आयातमा रोक लगाएको छ । भारत सरकारले चीनमा उत्पादित ब्लुटुथ स्पिकर, ताररहित इयरफोन, स्मार्टफोन, स्मार्टवाच, ल्यापटप जस्ता तारहित उपकरणहरू आयातमा रोक लगाएको छ । भारतले यस्ता सामग्री आयातका विषयमा निर्णय गरेर चीनमा उत्पादित विद्युतीय ताररहित उपकरणमा रोक लगाउन चाहेको विश्लेषण गरिएको छ । भारत सरकारले यस विषयमा निर्णय नगरेर चीनमा उत्पादित सिओमी, ओप्पो, भिभो, लिनोभो जस्ता विद्युतीय उपकरणहरू बजारमा प्रक्षेपण हुन ढिलाइ भइरहेको छ । भारतमा सूचना मन्त्रालय अन्तर्गत वायरलेस प्लानिङ एण्ड कोअर्डिनेसन (डब्लुपीसी ) विभागले गत नोभेम्बर यता यस्ता उपकरण आयातको विषय स्वीकृत गर्न रोकिरहेको छ । डब्लुपीसीले यस विषयमा निर्णय नगरेका कारण ८० वटा भन्दा धेरै अमेरिकी, चिनियाँ तथा कोरियाली आवेदनहरू रोकिएका छन् । सरकारले यस विषयमा औद्योगिक समूह तथा व्यक्तिगत कम्पनीहरूको प्रतिनिधित्वलाई सम्बोधन गर्न बाँकी नै रहेको बताएको छ ।

## भारतीय प्रधानमन्त्री मोदीले गरे खोप लगाउन आह्वान

नयाँ दिल्ली । कोरोना महामारीको पहिलो भन्दा दोस्रो लहरले बढी प्रभावित बनाएको भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सर्वसाधारणलाई खोप लगाउन फेरि अपिल गरेको छन् । दोस्रो लहर कमजोर बन्दै गएको अवस्थामा विज्ञहरूले तेस्रो लहर आउन सक्ने चेतावनी दिएकै बेला प्रधानमन्त्री मोदीले चाँडो खोप लगाउन अपिल गरेका हुन् । खोप पूर्ण रूपमा सुरक्षित भएको उल्लेख गर्दै प्रधानमन्त्री मोदीले तत्काल खोप लगाएर आफू सुरक्षित हुन आग्रह गरेका हुन्। भारतमा मे महिनामा दैनिक चार लाख भन्दा बढीलाई कोरोना भाइरसको सङ्क्रमण देखिएको थियो ।

भारतमा सङ्क्रमण बढ्दै गएपछि सरकारले खोप अभियानलाई व्यापक रूपमा अघि बढाएको हो । जसका कारण भारतमा खोपको अवस्थामा बिस्तारै सुधार हुँदै गएको पाइन्छ । भारतमा हालसम्म ३० करोड भन्दा बढीले कोरोनाविरुद्धको खोप लगाइसकेका छन् । विज्ञहरूले भारतले डिसेम्बर भित्र सबै वयस्कहरूलाई जीवाणु करण गर्ने लक्ष्य हासिल गर्न दैनिक १० करोड डोज खोप लगाइसक्नु पर्ने हुन्छ तर देशले दुई खुराकको साथ पूर्ण रूपमा ६ प्रतिशतभन्दा कम खोप लगाएको छ ।

जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरौं

- अत्यावश्यक काम बाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड -१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवातजावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरुमा आवतजावत गर्दा अनिवार्य रुपमा मास्क लगाऔं ।
- अनावश्यक भिडभाड नगरौं, भौतिक दूरी कायम गरौं ।
- कोभिड-१९ रोकथामको लागि सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जिल्ला समाचार

### ओली पक्षद्वारा अध्यक्ष र सचिव चयन

रौतहट । केन्द्रमा पार्टी विवाद समाधान गरी पुनः एकता गर्ने प्रयास भइरहँदा नेकपा एमालेको केपी शर्मा ओली समूहले रौतहटसहित प्रदेश २ का तीन जिल्लामा एक पक्षीय रुपमा अध्यक्ष र सचिव मनोनयन गरेको छ । निर्वाचित जिल्ला अध्यक्ष र सचिव भए पनि ओली समूहले एकलौटी रूपमा अध्यक्ष र सचिव चयन गरेको हो । ओली समूहले रौतहट अध्यक्षमा चन्द्रपुर ८ का तुलसीराज गिरी र सचिवमा मनोज कुमार यादवलाई चयन गरेको छ । पहिले वरिष्ठ नेता माधव कुमार नेपाल निकट रहेका जिल्ला अध्यक्ष कमल राय यादवलाई हटाएर ओली समूहकी प्रदेश २ अध्यक्ष ज्वाला कुमारी साहले उनीहरूलाई अध्यक्ष र सचिवको जिम्मेवारी दिएको पत्र सार्वजनिक भएको छ । नेतृ साह माओवादी केन्द्र छाडेर एमालेमा प्रवेश गरेपछि ओलीले उनलाई प्रदेश २ को अध्यक्षको जिम्मेवारी दिएका थिए । एमाले सर्लाही जिल्ला अध्यक्ष रेवती पन्तले नेतृ शाह आफै अवैध रहेकाले उनले अध्यक्ष र सचिव तोक्नुको कुनै अर्थ र तुक नरहेको प्रतिक्रिया दिए । यस्तै बारामा बलवीर चौधरीलाई अध्यक्ष बनाइएको छ भने सचिवमा राज मोहम्मद चयन भएका छन् । यता माधव समूहका रौतहट अध्यक्ष कमल राय यादवले केन्द्रमा एकता प्रक्रिया चलिरहँदा ओली समूहले नयाँ नियुक्ति गरेर आफ्नो तानाशाही प्रवृत्ति झनै उदाङो पारेको र पार्टी एकता स्वयं ओलीकै अहङ्कारले बिथोलिने टिप्पणी गरे ।

### सप्तरीमा ५५ मानवाधिकार उल्लंनका घटना

सप्तरी । सप्तरी जिल्लामा छ महिनाका अवधिमा ५५ मानवाधिकार उल्लङ्घन र ज्यादतीका घटना भएका छन् । नेपाल मानवाधिकार वर्ष पुस्तक २०२२ को तयारीका लागि इन्सेकले सार्वजनिक गरेको अर्धवार्षिक प्रतिवेदनमा सन् २०२१ जनवरीदेखि जुनसम्मका अवधिमा महिला र बालबालिका हिंसाका घटना बढी अभिलेख गरिएको छ । इन्सेक प्रतिनिधि मनोहरकुमार पोखरेलले प्रस्तुत गरेको प्रतिवेदनअनुसार बालिका बलात्कारका १२ घटनामा पाँचदेखि १८ वर्षका १३ जना पीडित छन् । त्यससम्बन्धी एउटा उजुरी दर्ता भएको छैन । जिल्लामा पहिलो पटक मिर्गौला बेचबिखनको घटना पनि बाहिर आएको छ । महिला बलात्कारका ६ घटना भएका छन् । यो छ महिनाको अवधिमा गैरराज्यबाट दुई पुरुषको कुटपिटमा हत्या घटना भएको छ । यस्तै छ महिनामा बालयौन दुर्व्यवहारको तीन घटना भएको छ भने एउटा उजुरी दर्ता भएको छैन । ६ महिनाको अवधिमा हुनै लागेको एक बालविवाह रोकिएको छ भने अर्को एक बालविवाहमा पाँच आरोपितविरुद्ध अदालतबाट म्यादी पुर्जी जारी भएको छ । एक महिलाको एक आत्महत्या दुरुत्साहनको घटना र बहुविवाहको चार घटना भएको छ । भौतिक संरचना, सम्पत्ति क्षतिअन्तर्गत चार घटना भएको छ । गैर राज्यबाट यातनाका एक, विप्लव समूहका पक्राउको एक, कुटपिट/दुर्व्यवहारका चार, घरेलु हिंसाका पाँच घटना अभिलेख गरिएको छ ।

### कटुवा पेस्तोल तथा लागूऔषधसहित पक्राउ

मोरङ्ग । मोरङ्ग जिल्लाको बिराटनगर महानगरपालिका १६ स्थित सीमा ईलाकाबाट असार ३० गते सशस्त्र प्रहरीले एउटा कटुवा पेस्ताल तथा २ सय ९२ वटा एभिल र २ सय ९५ वटा लुपिजेसिक नामक लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतको अररिया जोगवनी ग्रामपञ्चायत घर बताउने ४१ वर्षिय पप्पुकुमार पटेल छन् । भारतबाट नेपालतर्फ आउँदै गरेका पटेललाई सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट रानीबाट खटिएको सशस्त्र प्रहरीले शंका लागि जाँच गर्दा उनको साथमा उक्त पेस्तोल तथा लागूऔषध फेला परेको हो । पक्राउ परेका पटेललाई बरामद पेस्तोल तथा लागूऔषधसहित आवश्यक कारवाहीको लागि नेपाल प्रहरीलाई बुझाईएको छ ।

### अटोरिक्सा चालक पुरस्कृत

धनगढी । कञ्चनपुरमा हराएको पर्स भेटाएर सम्बन्धित व्यक्तिलाई बुझाउने भारतीय अटो रिक्सा चालकलाई पुरस्कृत गरिएको छ । भारतबाट पेन्सन बुझेर फर्किने क्रममा भीमदत्त नगरपालिका-२ मौलियाका ४४ वर्षीय भुपेन्द्रसिंह बिष्टको हराएको पर्स बुझाउने भारतीय नागरिक ओमप्रकाश विजय पाललाई पुरुस्कृत गरिएको हो । सशस्त्र प्रहरी बल नेपाल नम्बर ३५ गण शैलेश्वरीले अटो चालकलाई पर्स भेटाएर बुझाएको भन्दै एक हजार ६ सय रुपैयाँ पुरस्कार स्वरुप दिएको जनाएको छ । बिष्टको पर्समा भएका १८ हजार भारतीय रुपैयाँसहित एनएमबी र एनआईसीए बैंकको एटीएम कार्ड र दुईवटा क्यान्टिन कार्ड जस्ताका त्यस्तै अटो चालक पालले बुझाएका थिए ।

### युवक मृत फेला

रुपन्देही । बुटवल उपमहानगरपालिका-८ स्थित गल्लीमा एक युवक मृत फेला परेका छन् । तिलोत्तमा नगरपालिका-९ बस्ने ३२ वर्षीय अर्पण पौडेल बुधबार मृत अवस्थामा फेला परेका छन् ।

### लागूऔषधसहित तीन पक्राउ

कपिलवस्तु । कृष्णनगर नगरपालिका-८ पल्टास्थित सडकबाट १ हजार ३ सय ३० क्याप्सुल नियन्त्रित लागूऔषध ट्रमाडोल हाइड्रोक्लोराइड, ३ थान मोबाइल र नगद १४ हजार २ सय रुपैयाँ सहित सोही नगरपालिका-३ झण्डीनगर बस्ने ३० वर्षीय रियाज अहमद लगायत ३ जनालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । शंकास्पद अवस्थामा हिँडिरहेका उनीहरुलाई ईलाका प्रहरी कार्यालय बहादुरगंजबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### ब्राउनसुगरसहित एक पक्राउ

बाँके । नेपालगंज उमहानगरपालिका-१५ जमुनाहबाट २ ग्राम ५ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने धुलो पदार्थ सहित कोहलपुर नगरपालिका-११ बस्ने २५ वर्षीय राजु थारुलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण व्यूरो नेपालगंज र ईलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले उनलाई जाँच गर्दा उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### खोलाले बगाउँदा बालिकाको मृत्यु

रुपन्देही । सैनामैना नगरपालिका-१० पानबारी बस्ने लिलामणी पाण्डेको छोरी ९ वर्षीया गंगा पाण्डेको सोही ठाउँस्थित कञ्चन खोलाले बगाउँदा बुधबार दिउँसो मृत्यु भएको छ । गंगा र सोही ठाउँ बस्ने पिताम्बर न्यौपानेको छोरा ९ वर्षीय सुजन न्यौपाने उक्त खोलामा खेल्ने क्रममा खोलामा बाढी आई दुबै जनालाई बगाएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सालझण्डीबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा सोही नगरपालिका-११ मा गंगाको शव फेला परेको हो । साथै बेपत्ता भएका सुजनको प्रहरीले खोजी गरिरहेको छ ।

### झाडीमा थन्किए एम्बुलेन्स

वीरगञ्ज । पर्साको ठोरी गाउँपालिका-४ विजय बस्ती चोक छेउमै एउटा एम्बुलेन्स थन्किएको छ । मर्मत सम्भारको अभावमा बा१झ ९४५ नम्बरको एम्बुलेन्स थन्किएको हो । एकै ठाउँमा लामो समय राखिएका कारण एम्बुलेन्सलाई झाडी र लहराले ढाक्न थालेको छ । स्थानीय तहको निर्वाचन हुनुअघि नै भारतीय महावाणिज्य दूतावासले निर्मल बस्ती स्वास्थ्य चौकीका लागि एम्बुलेन्स अनुदान सहयोग गरेको थियो । केही वर्ष एम्बुलेन्सबाट स्थानीयले सेवा पनि पाए । गाउँपालिकाले मर्मत गर्न चासा नदिएकोले एम्बुलेन्स थन्किएको स्थानीयको दाबी छ । भारतीय दूतावासले नै अनुदानमा दिएको सेढवाको एम्बुलेन्स सञ्चालनमा छ । तर विजय बस्तीको झाडीमा थन्किएको छ । गाउँपालिका अध्यक्ष पिएल श्रेष्ठ स्थानीयले भनेजस्तो अवस्थामा एम्बुलेन्स नरहेको बताउँछन् । उनका अनुसार लामो समय असुरक्षित तरिकाले राखिएकोले एम्बुलेन्स मर्मत गर्दा धेरै खर्च उठ्ने अवस्थामा छ । ठोरीमा गाउँपालिकाले सञ्चालन गरेको तीन वटा, क्लब र आश्रमले सञ्चलान गरेको दुई गरी पालिकामा ५ वटा एम्बलेन्स सञ्चालनमा छ । आपतकालीन अवस्थामा बिरामीलाई अस्पताल पुऱ्याउन एम्बुलेन्स सेवा प्रदान गर्न गाउँपालिका सक्षम रहेको अध्यक्ष श्रेष्ठको भनाइ छ ।

### ७० हजार मेट्रिकटन चैते धान उत्पादन

बारा । बारामा यस वर्ष ७० हजार मेट्रिक टन चैतेधान उत्पादन भएको छ । कृषि ज्ञानकेन्द्र बाराका अनुसार १५ हजार १०५ हेक्टर क्षेत्रफलमा विभिन्न जातको चैते धान खेती गरिएकामा मौसम राम्रो भएको र समयसमयमा पानी परेका कारण उत्पादनमा वृद्धि भएको हो । ६९ हजार ९७२ मेट्रिकटन धान उत्पादन भएको ज्ञानकेन्द्रका प्रमुख जीतेन्द्र यादवले जानकारी दिए । गत वर्ष विभिन्न जातका चैते धान १२ हजार ११५ हेक्टर क्षेत्रफलमा खेती गरी प्रतिहेक्टर ४ दशमलव ४ मेट्रिकटनले ५३ हजार ३०६ मेट्रिकटन उत्पादन भएको थियो । गत वर्षभन्दा यस वर्ष भने उत्पादनमा बढेको हो ।

## कला/साहित्य

कमल मण्डल



# मिथिला रत्न वीरेन्द्र झाको ‘प्यार मे पागल’




मैथिली गीत संगीतको क्षेत्रमा धेरै दिनपछि फेरि एउटा राम्रो कोशेलीको रुपमा मैथिली भिडियो बजारमा आएको छ। मैथिली भाषाको चर्चित गायक वीरेन्द्र झाको आवाजमा रहेको गीतको चर्चा निकै बढी भइरहेको छ। सुरज झाद्वारा रचना गरिएको गीत प्यारमे पागलको संगीत संयोजन माया नन्द विश्वकर्मा र मास्टरिङ्ग डिजे सुरेशले राजविराजको शर्मा क्रिएसन स्टुडियोमा गरिएको हो। दर्जनौं कलाकारहरुको मेहनत यस गीतको भिडियोमा देख्न सकिन्छ। कलाकार भरत साह, पुजा ठाकुर, सुरज धमला, सबिन श्रेष्ठ, शिशिर भण्डारीको काम प्रशंसा योगय देखिन्छ। निर्देशन संजय साह, निर्माता भरत साह फिल्मस् प्रालि, सम्पादन बन्दे प्रसाद, पोस्ट प्रडक्शन मोसन स्टुडियो, छायांकन हरि बहादुर घले, मेकअप अशोक रोका, एक्सन मिलन श्रेष्ठको रहको छ। गायक वीरेन्द्र झाको गीतहरु अहिले मिडियामा खुबै भाइरल भइरहेको छ। धेरै नाम चलेका कलाकारहरु अहिले वीरेन्द्रजीको गीतको टिकटक बनाइ रहेको छ। गायक वीरेन्द्र झाको चर्चा गर्ने हो भन्ने मैथिली, नेपाली, भोजपुरी लगायतको सैयौं गीतहरुमा आफ्नो सुमधुर आवाज दिइसकेका छन्। हजारौंको संख्यामा स्टेज कार्यक्रमहरु गरेको अनुभव छ। मुम्बईदेखी दोहा कतारमा उनको चर्चा हुने गरेको छ।

# प्रधानमन्त्रीलाई भारतीय राजदूतद्वारा बधाई



काठमाडौं। नवनियुक्त प्रधानमन्त्री शेरबहादुर देउवालाई नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राले बधाई दिएका छन्। राजदूत क्वात्राले बुधबार देउवाको निजी निवास बुढानीलकण्ठ पुगेर बधाई दिएका हुन्।

उनले प्रधानमन्त्री देउवाको सफल कार्यकालको निम्ति बधाइ दिएका हुन्। राजदूत क्वात्राले नेपाल र भारत बीचको साझेदारी र जनता-जनता बीचको सम्बन्धलाई थप सुदृढ गर्न देउवा सरकारसँग मिलेर काम गर्न तयार रहेको जनाएका छन्।

भेटमा राजदूत क्वात्राले नेपाल र भारतबीचको बहुआयामिक साझेदारी र जनता-जनताबीचको सम्बन्धलाई अझ सुदृढ गर्न देउवाको टिमसँग मिलेर काम गर्न तयार रहेको भारतीय राजदूतावासले जनाएको छ।

## आर्थिक समाचार

# दराजको समान आइएमई पेबाट भुक्तान गर्दा आइफोन १२ लगायतका थुप्रै उपहार



काठमाडौं। आइएमई पे र ई-कमर्स प्लेटफर्म दराजवीच सम्झौता भएको छ। सम्झौता अनुसार दराजका सेवाग्राहीहरुले दराजबाट समान खरिद गर्दा आइएमई पेबाट सजिलै भुक्तानी गर्न सक्नुहुनेछ। साथै, यहिँ साउन १ गतेबाट शुरू हुने १ रुपैयाँ गेम र साउन ३ गतेबाट शुरू हुने दराज महाबचत उपहार योजनामा सहभागी भइ iphone12 लगायत थुप्रै उपहार प्राप्त गर्न सक्नु हुनेछ। सम्झौता पत्रमा आइएमई पेका तर्फबाट प्रमुख कार्यकारी अधिकृत विकास कुमार नाहाटा र दराज केमु प्रा.लि नेपालका प्रबन्ध निर्देशक लिनो अह्लेरिङ्गले हस्ताक्षर गर्नुभएको छ। बुधवार पानीपोखरी स्थित आइएमई ग्रुपको केन्द्रीय कार्यालयमा आयोजित सम्झौता आदानप्रदान कार्यक्रममा बोल्दै आइएमई डिजिटल सोलुसन लिमिटेडका अध्यक्ष एवम् आइएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकालले दराज जस्तो ई-कमर्श कम्पनी र आइएमई पे जस्तो डिजिटल भुक्तानी सेवा प्रदायकवीच भएको सहकार्यले नेपाल सरकारले अघि सारेको डिजिटल नेपाल अभियानमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने बताउनुभयो। साथै, प्रबन्ध निर्देशक ढकालले कोभिड- १९ ले प्रभावित साना तथा मझौला उद्योगव्यवसायलाई डिजिटल माध्यमबाट बजारसँग जोडि डिजिटल कारोबारको माध्यमबाट व्यवसायको अभिवृद्धिमा दराज र आइएमई पेले सक्दो भूमिका खेल्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

# खुला सीमा नियमन हुन्छ : गृहसचिव न्यौपाने

काठमाडौं। नेपाल सरकारले बिस्तारै भारततर्फको खुला सीमालाई नियमन गर्दै जाने गृहसचिव महेश्वर न्यौपानेले बताएका छन्। परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानले बिहीबार मेरियट होटलमा आयोजना गरेको कार्यक्रममा बोल्ने क्रममा न्यौपानेले नेपाल-भारत खुला सीमालाई व्यवस्थापन गर्नुपर्ने औंल्याए। उनले सीमा क्षेत्रमा एउटा प्रहरी बसेर मात्र सुरक्षा नहुने उल्लेख गर्दै अन्य क्षेत्रको समन्वयमा सीमा सुरक्षा हुने बताए।

उनले भन्सार, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धानलगायत निकायहरूबीच समन्वय भएर मात्र सीमा सुरक्षालाई बलियो बनाउन सकिने बताए। उनले सीमा क्षेत्र खुला हुँदा र बन्द हुँदा आ-आफ्नै किसिमका फाइदा र बेफाइदा हुने बताए। कोभिड-१९ पछिको परिस्थितिलाई मूल्यांकन गर्दा अब दुई मुलुकबीचको खुला सीमालाई नियमन गर्दै जाने उल्लेख गरे।

न्यौपानेले नेपाल-भारत खुला सीमा क्षेत्रमा दुई वर्षभित्रमा ५ सय बोर्डर आउट पोस्ट (बीओपी) पुऱ्याउने लक्ष्य रहेको बताए। उनले भने, ‘नेपाल र भारत खुला सीमामा भारतीय पक्षबाट उसको विभिन्न सीमा सुरक्षा फौज गरी ५ सय वटाभन्दा बढी बीओपी राखेको छ। नेपालले पनि त्यो बराबर राख्नेछ,’ उनले भने। न्यौपानेले सरकारले सीमा सुरक्षाका लागि एपीएफभित्र छुट्टै डेडिकेटेड फोर्स छुट्याउनुपर्ने बताए। उनले नेपाल-भारतको सीमा क्षेत्रमा दुई मुलुकबीचको सीमा कुन हो भन्ने थाहा पाउनसमेत गाह्रो हुने गरेको बताए।

उनले सीमा सुरक्षा गर्नका लागि पूर्वाधारको विकास, आर्थिक स्रोत, मानव साधन र प्राविधि महत्त्वपूर्ण रहेको प्रस्ट पारे। ‘बजेटमा पहिले नै सिलिङ तोकिएर आउँछ, कसरी पूर्वाधार निर्माण गर्न सकिन्छ र ?’ उनले भने। उनले नेपालले नयाँ चुच्चे नक्सा निकालेपछि दार्चुला जिल्लाको छाङरुमा एपीएफलाई खटाए पनि बलियो पूर्वाधार नभएको उल्लेख गरे। उनले भने, ‘नेपालको पारीपट्टि भारतीय सुरक्षा फौजको संख्या ठूलो छ र पूर्वाधार पनि छन्। नेपालको त्यस्तो अवस्था छैन।’

कार्यक्रममा नेपाली सेनाका अवकाश प्राप्त रथी तथा कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) का प्रमुख कार्यकारी निर्देशक बालानन्द शर्माले भारतले खुला सीमा भने पनि आफ्नो क्षेत्रमा कडा सुरक्षा गरेको बताए। ‘भारतले आफ्नो भागमा कडा सुरक्षा गरेको छ भने हामीले हाम्रो क्षेत्रमा किन त्यसैगरी सुरक्षा नगर्ने ?’ उनले भने। ‘खुला सीमा नहुँदा धेरै समस्या हुन्छन् तर खुला हुँदा पनि समस्या हुन्छन् भन्ने थाहा भएको छ,’ उनले भने। उनले पनि खुला सीमालाई बिस्तारै नियमन गर्दै जाने बेला भएको बताए।

# नेपाल र भारत रेल सेवा सम्झौता संशोधनको स्वागत

काठमाडौं। नेपाल उद्योग वाणिज्य महासङ्घले बहुप्रतिक्षित नेपाल र भारत बीचको रेल सेवा सम्झौता संशोधन भएकामा प्रसन्नता व्यक्त गरेको छ। रेल संशोधनसँगै अब सबै रेल सेवा प्रदायकले नेपालबाट भारतको समुद्री बन्दरगाहसम्म दुईतर्फी ढुवानी गर्न पाउनेछन्। यो संशोधनबाट दुवै देशबीचको व्यापार तथा पारवहन सम्बन्ध थप नयाँ उचाइमा पुग्ने विश्वास महासङ्घले लिएको छ। महासङ्घले शनिबार एक विज्ञप्तिमार्फत लामो समयदेखि उठाउँदै आएको माग सम्बोधन भएकामा स्वागत गर्दै यसका लागि निरन्तर पहल गर्ने दुवै देशका सरकारलाई धन्यवादसमेत दिएको छ। पछिल्लो सम्झौताअनुसार नेपाल लक्षित पारवहन कार्गो ढुवानीका लागि नेपाल रेलवे कम्पनीको स्वामित्वमा रहने रेल तथा वागनले वीरगञ्ज र विराटनगरदेखि कोलकाता/हल्दियासम्म रेल सेवा दिन सक्नेछन्। हाल नेपालको वीरगन्जसम्म रेल सेवा उपलब्ध भएकामा विराटनगर, भैरहवा र इनरुवामा रेल सम्बद्ध पूर्वाधार तयार भएपश्चात रेल सेवा उपलब्ध हुनेछ। त्यस्तै नेपाल-भारत सीमानाका अन्य पारवहन बिन्दु तथा द्विपक्षीय व्यापार नाकामा सहमतिका आधारमा रेल सेवा विस्तार हुँदै जाने सुविधाले नेपालको तेस्रो मुलुकसँगको व्यापारमा सहजता आउनुका साथै द्विपक्षीय व्यापार तथा पारवहनको सहजीकरणमा यसले महत्वपूर्ण भूमिका खेल्ने छ।

समग्रमा व्यापार लागत घटाउनुको साथै नेपालको अन्तर्राष्ट्रिय व्यापारमा समेत महत्वपूर्ण सघाउ पुर्याउने विश्वास महासङ्घको छ। संशोधित सम्झौताबाट भारतका निजी रेल सेवा प्रदायकले नेपालका लागि रेलबाट हुने ढुवानी सेवा दिन सक्ने व्यवस्था गरिएको छ। यसका साथै भारतमा रेल सेवा उपलब्ध गराइरहेका सबै अनुमति प्राप्त कार्गो ट्रेन अपरेटरहरूले नेपालको पारवहनका लागि हुने ढुवानीका लागि सेवा दिन सक्ने भएकाले रेलबाट हुने कार्गो ढुवानीमा प्रतिस्पर्धा बढ्न गई लागत घट्ने तथा समयसमेत बचत हुने विश्वास महासङ्घको छ। त्यस्तै संशोधित सम्झौताअनुसार यसअघि रेलको ढुवानी भाडा कोलकातामै तिर्नुपर्ने व्यवस्थामा संशोधन भई नेपाली बैंकिङ प्रणालीमार्फत रेल भाडा भुक्तानी गर्न सकिने व्यवस्थासमेत गरिएको छ। नेपाल र भारत बीचको रेल सेवा सम्झौतामा भएको संशोधनले नेपालको अन्तर्राष्ट्रिय व्यापारमा निकै ठूलो परिवर्तन आउने अपेक्षा महासङ्घको छ। उक्त संशोधित सम्झौताको अक्षरशः पालनाका लागि महासङ्घले दुवै देशका सरकारलाई अनुरोध गरेको छ।

# अप्पन टेलिभिजनकर्मी शिवालीसहित चार जनालाई युवा पत्रकारिता पुरस्कार



काठमाडौं। प्रदेश २ को अस्थायी राजधानी जनकपुरधाममा रहेको अप्पन टेलिभिजनका समाचार प्रमुख अजय साह शिवालीसहित चार पत्रकारलाई नेपाल सरकारले युवा पत्रकारिता पुरस्कार-२०७७ बाट पुरस्कृत गरेको छ। युवा तथा खेलकुद मन्त्रालयले सिंहदरबारस्थित मन्त्रालयमा बुधबार एक कार्यक्रम गरी पत्रकारहरू शिवाली, डोलराज रानाभाट, शिवकुमार अधिकारी र राधा नेपालीलाई पुरस्कृत गरेको हो। त्यस्तै, चितवन भरतपुरका रानाभाट इमेज च्यानलका सम्वाददाता र धनुषा लक्ष्मीनियाँका शिवकुमार अधिकारी आयोमेल डटकमका सम्वाददाता छन्। यसैगरी, नेपाल पत्रकार महासंघकी केन्द्रीय सदस्यसमेत रहेकी राधा नेपाली तरङ राष्ट्रिय पाक्षिकमा कार्यरत छिन्। कार्यक्रममा मन्त्रालयका सचिव केदार न्यौपानेले पुरस्कृत हुने सबैलाई जनही ५०-५० हजार नगद र सम्मानपत्र हस्तान्तरण गरेका छन्। पत्रकारिताको माध्यमबाट युवा जागरण, युवा उद्यमशिलता, युवा विकासका सवाल, युवा रोजगारी तथा स्वरोजगारीका सवाल, सामाजिक विकृति, विसंगति, विभेद न्यूनीकरण तथा सामाजिक सद्भावलगायतका क्षेत्रमा योगदान पुऱ्याएवापत् उनीहरूलाई सम्मान गरिएको हो। मन्त्रालयले हरेक वर्ष युवा पत्रकारिता पुरस्कार वितरण गर्दै आएको छ।

# सर्वोच्च...

सरकारमा पार्टीको तर्फबाट कसले नेतृत्व गर्ने र पार्टीको आधिकारिकता सम्बन्धी विचाराधीन मुद्दाकै कारण तत्काल सरकारमा जानेबारे निर्णय नगरिएको हो।

यद्यपी देउवाको नेतृत्वमा बनेको सरकारमा यादव पक्षबाट कसले नेतृत्व गर्ने भन्नेबारे पनि विवाद उत्पन्न भएको छ। यसपटक यादवको नेतृत्वमा सरकारमा प्रतिनिधित्व हुनु हुँदैन भन्ने पक्षमा अधिकांश नेता-कार्यकर्ता उभिएका छन्।

यसअघि मधेशी जनअधिकार फोरम नेपाल हुँदै संघीय समाजवादी फोरम नेपाल, समाजवादी पार्टीसम्म यादवले नै सरकारमा पार्टीको नेतृत्व गरी सहभागी भएका हुन। हरेक पटक उनकै नेतृत्वमा पार्टीले सरकारमा सहभागिता जनाएका कारण पार्टीमा त्यसको असर परेको नेताहरु बताउँछन्। यसपटक अध्यक्ष यादव सरकारमा नजाँदा नै राम्रो हुने नेता-कार्यकर्ताको बुझाइ छ। तर यसपटक पनि उनले आफ्नै नेतृत्वमा पार्टीलाई सरकारमा प्रतिनिधित्व गराउने मनस्थिति बनाएका छन्। उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्रीको जिम्मेवारीसहित सरकारमा सहभागी हुने उनको इच्छा रहेको छ।

यदी यादव आफै सरकारमा नगए उनको पक्षको तर्फबाट राजेन्द्र श्रेष्ठ या महेन्द्र यादवले सरकारको नेतृत्व गर्ने छन्। यसपटक सरकारमा जान उपेन्द्र यादव पक्षबाट रेणु यादव, रामसहाय यादव, इस्तियाक राई, मृगेन्द्रसिंह यादव, प्रदीप यादवलगायतकाले चासो देखाएका छन्। मृगेन्द्रसिंह यादवले कित्ता परिवर्तन गरी ठाकुर पक्षबाट यादव पक्षमा गएका हुन।

निर्वाचन आयोगले उपेन्द्र यादव पक्षलाई आधिकारिकता दियो भने ठाकुर पक्षका केही सांसदहरूले कित्ता परिवर्तन गरी यादव पक्षमा आउने यादव पक्षका नेताहरूको बुझाइ छ। ठाकुर पक्षबाट प्रमोद साह, रानीमण्डल तथा अमृता अग्रहरिलगायतकाले यादव पक्षमा जान चासो देखाएका छन्।

# देउवालाई बधाई

काठमाडौं। भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख विजय चौथाइवालेले नवनियुक्त प्रधानमन्त्री शेरबहादुर देउवालाई बधाइ दिएका छन्।

चौथाइवालेले प्रधानमन्त्री देउवालाई बधाई दिँदै भारतीय जनता पार्टी र नेपाली कांग्रेसबीच पार्टीगत सम्बन्ध सुदृढ हुने बताएका छन्। ‘हामीबीच भारतीय जनता पार्टी र नेपाली कांग्रेसबीच पार्टीगत सम्बन्ध सुदृढ गर्नेबारे छलफल भएको छ,’ चौथाइवालेले ट्वविट गरेका छन्।

# कच्चा तेलको भाउ घटाउन आग्रह

काठमाडौं। भारतले पेट्रोलियम पदार्थ निर्यातकर्ता मुलुकको संगठन (आपेक)लाई तेलको भाउ घटाउँदै उत्पादन बढाउन आग्रह गरेको छ। मुलुकमा निरन्तर पेट्रोलियम पदार्थको भाउ बढिरहेको समयमा भारतले ओपेकसँग यस्तो आग्रह गरेको हो। पेट्रोलियम पदार्थ निर्यातकर्ता मुलुकले पेट्रोलियम पदार्थको भाउ बढाउन भन्दै उत्पादनमा कटौती गरिरहेका छन्। यस किसिमको कटौती चरणबद्धरुपमा हटाइनुपर्ने भारतको माग छ। भारतका पेट्रोलियम मन्त्री धर्मेन्द्र प्रधानले एक भर्चुअल बैठकमा ओपेकका महासचिव मोहम्मद सानुसी बारकिन्डोसँगको कुराकानीमा तेलको मूल्यको विषयमा चिन्ता व्यक्त गरेका हुन्।



## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामस्** ... कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : mad ... gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं